वर्ष २० | अंक १६९ | काठमाडौं | बुधवार, १३ चैत २०८१ | Wednesday, 26 March 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

www.abhiyandaily.com

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

मान्मा-गमगढी अप्टिकल फाइबर विस्तार २

राष्ट्रिय वाणिज्य बैंकको वित्तीय साक्षरता कार्यक्रम ३

अवैध विदेशी मुद्राको सीमापार स्थानान्तरण ४

कोशीमा 'कर्जा सुरक्षण कोष' र 'उदय चुनौती कोष' सञ्चालन ८

नागरिकले पाउने सामाजिक सुरक्षा भत्ताहरू

- जेष्ठ नागरिक भत्ता,
- अन्य जेष्ठ नागरिक भत्ता,
- एकल महिल भत्ता,
- बिधवा भत्ता,
- पूर्ण अपाङ्गता भत्ता,
- अति अशक्त अपाङ्गता भत्ता,
- बाल पोषण भत्ता,
- लोपन्मुख जाति भत्ता,

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आफ्नो स्थानीय तहमा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पदबाट हटाइएका कुलमानलाई संसदीय समितिमा उभ्याउने तयारी

विजय दमासे
काठमाडौं

सोमवारको मन्त्रिपरिषद् बैठकको निर्णयबाट बर्खास्तीमा परेका नेपाल विद्युत् प्राधिकरणका निवर्तमान कार्यकारी निर्देशक कुलमान घिसिङलाई अनियमितताको आरोपमा संसदीय समितिमा उभ्याउने तयारी गरिएको छ ।

उनलाई हटाइएको विरोधमा जनता सडकमा उर्लिरहेका बेला घिसिङसँग जोडिएका त्यस्ता ६ ओटा उजुरी छनोट गरेर प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखासमितिले छानबिन अघि बढाएको हो ।

नेकपा (एमाले) को नेता हृषीकेश पोखरेलको अध्यक्षतामा रहेको उक्त समितिले गत साउनमा पनि ट्रंक लाइन र डेडिकेटेड फिडरको बिजुली उद्योगहरूलाई दिँदा त्यसको रेकर्ड लामो समयसम्म नराखेको जसका कारण राज्यकोषमा जम्मा हुनुपर्ने रकम जम्मा हुन नसकेको, बिलबीजक समयमै नउठाएको लगायत आरोप लगाउँदै उनीमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत अन्य सरकारी निकायबाट अनुसन्धान गराउने सिफारिश गर्न खोजेको थियो ।

समितिको बैठक नहुँदै पोखरेलमाथि नै बक्यौता नतिर्ने उद्योगीसँग होटेलमा एक्लै भेटेको र घिसिङमाथि कारबाही गर्ने प्रस्ताव उद्योगीकै वकिलसँग मिलेर तयार पारेको आरोप लागेपछि उक्त प्रस्तावमा समितिका सदस्यहरूले नै चर्को विरोध गरे । त्यसकारण घिसिङमाथिको छानबिन अघि बढ्न सकेको थिएन । अहिले पदबाट हटाइएपछि उनीमाथि पुनः अनुसन्धान गर्न समिति अगाडि सरेको छ ।

लेखासमिति स्रोतका अनुसार विद्युत् प्राधिकरणसँग सम्बद्ध ती विषयमा तत्कालै छानबिन गर्ने र जोडिएका हरेक प्रकरणमा स्पष्टीकरण दिन घिसिङलाई समेत डाक्ने तयारी समितिले गरेको छ ।

विद्युत् प्राधिकरणसँग सम्बद्ध उजुरीहरूमा नेपाल विद्युत् प्राधिकरणका विभिन्न आयोजनाबाट गरिएका बोलपत्रहरू एकै प्रकारका भए तापनि १ अर्ब रुपैयाँभन्दा कमको प्याकेज बनाई ठेकेदारसँग मिलेमतो गरी फलामजन्य सामग्रीको रेट अस्वाभाविक रूपमा बढाई पूरा रेटमा खरीद सम्झौता गरी राज्यलाई नोक्सानी गरेको, हेटौंडा-ढल्केवर-इनरुवा ४०० केभी नेपाल-भारत विद्युत् व्यापार तथा प्रसारण लाइन निर्माणमा अनियमितता गरेको उजुरीमा छानबिन गर्न लागिएको हो । त्यसैगरी, नेपाल विद्युत् प्राधिकरणमा सार्वजनिक खरीद पुनरवलोकन समितिको निर्णयानुसार पुनःमूल्यांकन कार्य गर्दा साविककै समितिबाट गराउनुपर्नेमा आफ्नो निकटको निर्देशकको संयोजकत्वमा नयाँ मूल्यांकन समिति गठन गरी भ्रष्टाचार गरेकाले छानबिन गरिनुपर्ने भनी उजुरी परेको छ । नेपाल विद्युत् प्राधिकरणमा नक्कली नाफा देखाइएको जस्ता विषय पनि छन् ।

के के विषयमा हुँदै छ छानबिन ?

- नेपाल विद्युत् प्राधिकरणका आयोजनाहरूबाट गरिएका बोलपत्रहरू एकै प्रकारका भए पनि १ अर्ब रूपैयाँभन्दा कमको प्याकेज बनाई ठेकेदारसँग मिलेमतो गरी फलामजन्य सामग्रीको रेट अस्वाभाविक रूपमा बढाई पूरा रेटमा खरीद सम्झौता गरी राज्यलाई अर्को नोक्सानी गरेको
- हेटौंडा ढल्केवर इनरूवा ४०० केभी विद्युत् नेपाल-भारत विद्युत् व्यापार तथा प्रसारण लाइन निर्माणमा अनियमितता भएको
- नेपाल विद्युत् प्राधिकरणमा सार्वजनिक खरीद पुनरवलोकन समितिको निर्णयानुसार पुनः मूल्यांकन गर्दा साविककै समितिबाट गराउनुपर्नेमा आफ्नो निकटको निर्देशकको संयोजकत्वमा नयाँ मूल्यांकन समिति गठन गरी भ्रष्टाचार गरेको
- प्राधिकरणमा नक्कली नाफा देखाएको
- डेडिकेटेड फिडर र ट्रक लाइनको महशुल सम्बन्धमा अनियमितता गरेको
- कर्णाली चिसापानी बहुउद्देश्यीय परियोजनाको विस्तृत इन्जिनीयरिङ बोलपत्र

लेखासमितिले समिति सदस्य प्रेमबहादुर आलेको संयोजकत्वमा अमनलाल मोदी र श्यामकुमार घिमिरे सदस्य रहेको उपसमिति गठन गरेर कुलमानले नेतृत्व गरेको प्राधिकरणका आयोजनामाथि छानबिन शुरू गरेको छ । ती उजुरीमाथि समितिले छानबिन थालेको र जोडिएका मुद्दामा कुलमानलाई समेत समितिमा उभ्याउने तयारी भएको उपसमितिका एक सदस्यले आर्थिक अभियानलाई बताए । 'कुलमान, विद्युत् प्राधिकरणसँग जोडिएका उजुरीहरूमाथि छानबिनको काम अघि बढिसकेको छ, सफाइको मौका पनि हुन्छ । कुलमानलाई समेत कतिपय विषयमा समितिमा बोलाइनेछ,' ती सदस्यले भने ।

कुलमान हटाउने निर्णयको चर्को विरोध

कुलमानलाई प्राधिकरण नेतृत्वबाट हटाएपछि सत्तारूढ दलभित्र र बाहिर पनि चर्को विरोध भइरहेको छ । सत्तारूढ घटक नेपाली कांग्रेसका महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापाले सोमवार राति नै गलत निर्णय भएको बताएका थिए । प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)ले घिसिङ हटाउने सरकारको निर्णय बदनियतपूर्ण र आपत्तिजनक रहेको भन्दै मंगलवार विज्ञप्ति जारी गऱ्यो । बिचौलिया र दलालहरूको स्वार्थमा गरिएको निर्णय कुशासनको पछिल्लो दृष्टान्त रहेको उसको ठहर छ । संसद्को चौथो, पाँचौं शक्ति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टीलगायत दलहरूले समेत कुलमानलाई सरकारले गरेको बर्खास्ती गलत भएको बताएका छन् ।

मंगलवार एक विज्ञप्तिमार्फत रास्वपाले घिसिङलाई बदनियतपूर्वक बर्खास्त गरिएको बताएको छ । '...गिर्दो अन्तरराष्ट्रिय साख, निर्लज्ज एवं असफल कूटनीति र लगभग दुई तिहाइ समर्थन प्राप्त सरकार भ्रष्ट, अकर्मण्य, निरीह, निष्प्रभावी, अनुत्तरदायी र प्रतिशोध केन्द्रित रहेको प्रमाणित भएसँगै वर्तमान सरकारको औचित्यसमेत समाप्त भएको पुष्टि भएको छ,' रास्वपाको विज्ञप्तिमा भनिएको छ । वर्तमान सरकार 'भ्रष्टाचारी जोगाउने' र 'बिचौलिया पोस्ने' जगमा बनेको रास्वपाको आरोप छ । सोमवार मन्त्रिपरिषद् बैठकबाट बाहिरिँदै गर्दा सरकारका प्रवक्ताले घिसिङलाई नहटाएको भन्दै झूट बोलेका थिए ।

तर, सञ्चार तथा सूचनाप्रविधिमन्त्री समेत रहेका सरकारी प्रवक्ता पृथ्वी सुब्बा गुरुङले सोमवार बसेको मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्दै प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने र उनको ठाउँमा हितेन्द्रदेव शाक्यलाई नियुक्त गर्ने निर्णय गरेको जानकारी दिए ।

शाक्यले गरे पदभार ग्रहण

काठमाडौं (अस) । नेपाल विद्युत् प्राधिकरणका नवनियुक्त कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले पदभार ग्रहण गरेका छन् । उनले मंगलवार साँझ दरबारमार्गस्थित प्राधिकरणको केन्द्रीय कार्यालय पुगेर पदभार ग्रहण गरेका हुन् । शाक्यलाई मंगलवारै ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नियुक्तिपत्र हस्तान्तरण गरेका थिए । शाक्य मन्त्रिपरिषद्को चैत ११ को निर्णयअनुसार नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा १७ को उपदफा (१) बमोजिम ४ वर्षका लागि प्राधिकरणको कार्यकारी निर्देशक नियुक्त भएका हुन् । मन्त्रिपरिषद्को उक्त बैठकले कुलमान घिसिङलाई बर्खास्त गरी शाक्यलाई नियुक्त गर्ने निर्णय गरेको हो । सरकारको निर्णयपछि मंगलवार दिउँसो नै शाक्यले नियुक्तिपत्र लिने र पदभार ग्रहण गर्ने बताइए पनि साँझ मात्रै उनलाई ऊर्जामन्त्रीले नियुक्तिपत्र दिए ।

पदभार ग्रहणपछि सञ्चारकर्मीसँगको कुराकानीमा शाक्यले घरायसी ग्राहकमा लोडशेडिङ नहुने दाबी गर्दै लोडशेडिङ हुन्छ भनेर गरिएको हल्ला अफवाह मात्रै भएको बताए । अब विद्युत्को गुणस्तर वृद्धि हुन्छ । दिनमा एकपटकभन्दा बढी ट्रिपिङ नहुने वातावरण बन्छ,' उनले भने ।

डेडिकेटेड र ट्रंकलाइन विवादको विषयमा बोल्दै उनले यसको समाधान प्राविधिक रूपमा निकाल्नुर्ने बताए । उक्त विषयलाई आफूले अवसरका रूपमा हेरेको उनको भनाइ छ । त्यसअघि आर्थिक अभियानसँग कुरा गर्दै उनले हिउँद याममा ऊर्जा सुरक्षा सुनिश्चित गर्नु आफ्नो मुख्य प्राथमिकता हुने बताएका थिए । शपथग्रहण कार्यक्रममा ऊर्जामन्त्री खड्काले उद्योगीसँग प्राधिकरणले लिनुपर्ने बक्यौता मन्त्रिपरिषद्को निर्णयलाई समेत दृष्टिगत गरी तत्काल असुल गर्ने प्रक्रिया अगाडि बढाउन र ग्राहकलाई लोडशेडिङ नहुने अवस्था बनाउन निर्देशन दिए ।

गभर्नरका लागि रस्साकस्सी

अभियान संवाददाता
काठमाडौं

राष्ट्र बैंकको गभर्नरको पद रिक्त हुनुभन्दा १ महीनाअघि नै नयाँ गभर्नर नियुक्त गर्न सकिने कानूनी व्यवस्था भए पनि दलीय भागबन्डा नमिल्दा नियुक्ति प्रक्रियामा ढिलाइ भएको छ ।

नेपाल राष्ट्र बैंक ऐनको दफा २५ मा भनिएको छ, 'नेपाल सरकारले बहालवाला गभर्नरको पद रिक्त हुनुभन्दा सामान्यतया १ महीनाअगावै गभर्नर पदमा यस ऐनबमोजिम नियुक्त गरी त्यसको सार्वजनिक सूचना सार्वजनिक रूपमा प्रकाशन तथा प्रसारण गर्नेछ ।' गभर्नर महाप्रसाद अधिकारी कार्यकाल पूरा गरी चैत २४ गते अवकाशमा जाँदै छन् । नेपाल राष्ट्र बैंक ऐनको व्यवस्थाअनुसार सरकारले फागुन २३ गतेअघि नै गभर्नर नियुक्त गर्न सक्थ्यो । तर, कार्यकाल सकिन १३ दिन मात्र बाँकी रहँदा सरकारले सोमवार मात्र गभर्नर छनोटका लागि सिफारिश समिति गठन गरेको छ ।

अर्थतन्त्रको नेतृत्व गरिरहेको हिसाबले गभर्नर बन्नलायक व्यक्तिको छनोट गर्ने अधिकार अर्थमन्त्रीलाई दिए पनि राजनीतिक दलका नेताहरूको हस्तक्षेपले ऐनअनुसार स्वतन्त्रतापूर्वक काम अघि बढ्न नसकेको एक पूर्वगभर्नरले टिप्पणी गरे । 'गभर्नर बन्नलायक व्यक्ति छान्ने जिम्मेवारी ऐनले नै अर्थमन्त्रीलाई दिएको छ,' उनले भने, 'तर, राजनीतिक दलका नेताको चासो र हस्तक्षेपका कारण समितिले स्वतन्त्र र स्वायत्त ढंगले काम गर्न सक्ने अवस्था छैन ।'

अर्थमन्त्री अध्यक्ष रहने सिफारिश समितिमा पूर्वगभर्नरमध्ये एक जना र आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय तथा वाणिज्य कानूनको क्षेत्रमा लब्धप्रतिष्ठित व्यक्तिमध्ये सरकारले तोकेको एक जना सदस्य रहने प्रावधान छ । यो व्यवस्थाअनुसार अर्थमन्त्री विष्णु पौडेलको अध्यक्षमा रहेको सिफारिश समितिमा पूर्वगभर्नरबाट विजयनाथ भट्टराई र विज्ञबाट विश्व पौडेल सदस्य तोकिएका छन् ।

अब यही समितिले भावी गभर्नरका लागि तीन जना उम्मेदवारको नाम सिफारिश गर्नेछ । सोही सिफारिशबाट सरकारले एक जनालाई गभर्नर नियुक्त गर्छ ।

पद रिक्त हुनुभन्दा सामान्यतया १ महीनाअगावै राष्ट्र बैंकमा गभर्नर नियुक्त गर्न सकिने कानूनी व्यवस्था भए पनि पद रिक्त हुन १३ दिन बाँकी रहँदासम्म त्यो काम भएको छैन

को-को छन् दौडमा ?

गभर्नरका लागि आधा दर्जनभन्दा बढी व्यक्तिको नाम चर्चामा छ । तर, उक्त पदका लागि चर्चामा रहेका नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र ढुंगानाले राजीनामा दिएपछि उनी गभर्नर बन्ने चर्चा झन् चुलिएको छ । नबिल बैंक स्रोतका अनुसार ढुंगानाले राजीनामा गरिसकेपछि मंगलवार कर्मचारीलाई यसबारे जानकारी गराएका थिए । सत्ताधारी नेपाली कांग्रेसको कोटाबाट उनी र राष्ट्र बैंककै कार्यकारी निर्देशक डा. गुणाकर भट्टको नाम चर्चामा छ ।

सरकारको नेतृत्व गरिरहेका दुई दल नेकपा एमालेका तर्फबाट भने डेपुटी गभर्नरद्वय नीलम ढुंगाना तिम्सिना र बमबहादुर मिश्रका साथै राष्ट्र बैंककै निर्देशक तथा योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठको नाम बढी चर्चामा छ ।

ढुंगाना र मिश्र दुवै प्रधानमन्त्री ओलीको गृहजिल्ला झापाका हुन् । उनीहरूमध्ये ढुंगानालाई पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको समेत समर्थन रहेको चर्चा छ ।

प्रधानमन्त्री र अर्थ मन्त्रालयको नेतृत्व गरिरहेकाले गभर्नर पनि आफैले पाउनुपर्ने दाबी नेकपा एमालेले गरिरहेको छ भने सत्ता साझेदारको हिसाबले पनि भावी गभर्नर आफ्नो हुनुपर्ने नेपाली कांग्रेसको दाबी छ । हालका गभर्नर अधिकारी एमाले निकट मानिन्छन् । भागबन्डा नभइसके पनि दुवै पार्टी निकट व्यक्तिहरू गभर्नरको उम्मेदवारका रूपमा लबिङमा छन् ।

गभर्नरको नियुक्तिमा सत्ता गठबन्धन र राजनीतिक दलका नेताहरूबीच सन्तुलन मिलाउनुपर्ने भएकाले भावी गभर्नरको अनुमान गर्न कठिन रहेको जानकारहरू बताउँछन् ।



नेपालमै हुन्डाईको क्रेटा आईसीई उत्पादन

यसको मूल्य आयातितभन्दा ९ लाख रुपैयाँसम्म सस्तो पर्ने कम्पनीको भनाइ

अभियान संवाददाता
काठमाडौं

आन्तरिक अटोमोबाइल उद्योगलाई बढावा दिँदै नेपालका लागि हुन्डाईको आधिकारिक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले देशमै बनेको 'क्रेटा ' आईसीई सार्वजनिक गरेको छ । सँगसँगै, आयातित विद्युतीय गाडी 'क्रेटा ईभी' पनि सार्वजनिक गरेको छ ।

'चुज योर फ्युचर'को थिमसहित हुन्डाई नेपालले क्रेटालाई विद्युतीय र इन्टरनल कम्बसन इन्जिन (आईसीई) दुवै मोडेलमा उपलब्ध गराइएको बताएको छ ।

सोमवार काठमाडौंमा आयोजित कार्यक्रममा कम्पनीले दुवै खाले गाडी सार्वजनिक गरेको हो । क्रेटा ईभीको प्रारम्भिक मूल्य ५१ लाख ९६ हजार रुपैयाँ र क्रेटा आईसीई (मेड इन नेपाल)को प्रारम्भिक मूल्य ५३ लाख ९६ हजार रुपैयाँ राखिएको छ । सन् २०२५ मा आयात गरिने क्रेटा आईसीईको तुलनामा स्वदेशमै उत्पादितको मूल्य ९ लाख रुपैयाँसम्म सस्तो रहेको कम्पनीले बताएको छ ।

लक्ष्मी ग्रूपअन्तर्गतको लक्ष्मी मोटर कर्पोरेशनले सन् २०२४ देखि नेपालमै हुन्डाईको गाडी एसेम्बल गर्न थालेको हो । शुरूमा हुन्डाईको भेन्यु मोडलको कार एसेम्बल थालेको कम्पनीले अहिले क्रेटाको पनि एसेम्बल गरी स्वदेशी बजारमा ल्याएको हो । 'स्वदेशमा उत्पादित भेन्यु मोडल पनि आयात गरिएको भन्दा ४ लाख ५० हजार रुपैयाँ सस्तो छ,' लक्ष्मी इन्टरकन्टिनेन्टलका महाप्रबन्धक दीपक थपलियाले आर्थिक अभियानसँग भने । 'हामीले क्रेटा ईभी पनि स्वदेशमै एसेम्बल गर्नेबारेमा सम्भाव्यता अध्ययन गरिरहेका छौं ।' उनका अनुसारे स्वदेशमै उत्पादित क्रेटा आईसीई ४०-५० ओटा बुकिङ भइसकेको छ । 'करीब १५-२० ओटा विक्री पनि गरिसकेका छौं,' उनले भने । नेपालीले नै बनाउने र स्वेदशमै उत्पादित गाडी सस्तो भएकाले यो नेपाली ग्राहकमाझ प्रिय हुने उनको अपेक्षा छ । » बाँकी पृष्ठ ५ मा

नारायणी स्टिल्सका उत्कृष्ट उत्पादनहरू

KEYAL GROUP

GI WIRE

SS PIPE

TMT RODS


JASTA PATA

NARAYANI STEELS

नारायणी स्टिल्स्
पर्सा, नेपाल, सम्पर्क : ९८५५०२१७३१, ९८५५०३३५०३,९८५२०२०००८

कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि. को ३५ दिने सूचना

(सूचना प्रकाशन मितिः २०८१/१२/१३)

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१(एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिने ग्राहकलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

सम्बन्धित कार्यालयको नामः शाखा कार्यालय सुखीपुर

तपसिल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१।१२।०९ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम
१	बिजय बिज भण्डार एण्ड जेनरल स्टोर				सुखीपुर ७	व्यापार कर्जा	२७०००००	६१०१९३	३३१०१९३

फर्मको दर्ता नं.२४०२ दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराहा दर्ता मितिः २०६९।०३।१८ पान नं.६००४७९११४

प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम तथा विवरण

नाम	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
बिजय कूमार यादव	सिलोर्वा पछवारी ०८	१५२४३२३७९	सिराहा। २०५७।०३।२०	पुजन यादव	बौएलाल यादव

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१।१२।०९ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम
२	दिपेन्द्र माछा फर्म	फुलकाहाकटी ४				माछापालन कर्जा	३५०००००	७२५९९३	४२२५९९३

फर्मको दर्ता नं. ५६७४।०७०।७१ दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराहा दर्ता मितिःर२०७१।०२।१८ पान नं. ६०२१५७१८०

प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम तथा विवरण

नाम	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
दिपेन्द्र कुमार कामत	फुलकाहाकटी ४	१५०।३८२७८	सिराहा। २०५९।०४।२२	सहदेव कामैत	रामजी कामैत

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१।१२।०९ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम
३	सनम कूमारी यादव	सुखीपुर ८	०३१३५८४५ सिराहा २०६२।०४।१३	सुरेन्द्र कुमार यादव	विशेश्वर यादव	सरल कृषि कर्जा	१४५००००	३८६७३७	१८३६७३७

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१।१२।०९ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम
४	अमन रिषिका कन्सट्रक्सन	सुखीपुर १०				ओ.डी.कर्जा	२२०००००	२५१६२६	२४५१६२६

फर्मको दर्ता नं. ६६२०।०७३।७४ दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराहा दर्ता मितिः २०७३।०५।२१ पान नं. ६०५०६९७७०

प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम तथा विवरण

नाम	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
भुवनेश्वर महतो	सुखीपुर ०४	३२	सिराहा। २०६२।०९।२१	रामलोचन महतो	संभु महतो

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१।१२।०९ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम
५	कुशवाहा पशुपालन तथा माछा फर्म	सुखीपुर ८				माछापालन कर्जा	१८०००००	६९२९९	१८६९२९९

फर्मको दर्ता नं. १३६३३।०७८।०७९ दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराहा दर्ता मितिः २०७८।०७।०४ पान नं. ६१७०५३९७४

प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम तथा विवरण

नाम	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु। पति	बाजे। ससुरा
राम कुमारी महतो	सुखीपुर ४	१५३०५३।३१२	सिराहा। २०६३।१०।०५	भुवनेश्वर महतो	रामलोचन महतो

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१।१२।०९ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम
६	दूर्गानन्द किराना तथा जेनरल स्टोर्स	सुखीपुर २				व्यापार कर्जा	९०००००	२२२७२९	११२२७२९

फर्मको दर्ता नं.६५५४ दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराहा दर्ता मितिःर२०७८।०२।०५ पान नं.६०६१३४७७२

प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम तथा विवरण

नाम	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
सिताराम दास कथबनिया	विद्यानगर ०९	१५४७-२५८२	सिराहा। २०४४।११।१७	बाबुजी दास	राज कुमार दास

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१।१२।०९ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम
७	प्रिन्स किराना जेनरल स्टोर	सुखीपुर ०२				व्यापार कर्जा	१००००००	८६९४५	१०८६९४५

फर्मको दर्ता नं. १५४०८।२०७८।०७९ दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, लहान.,सिराहा दर्ता मितिःर२०७८।०७।०७ पान नं. ६१७०७०४३४

प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम तथा विवरण

नाम	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु। पति	बाजे। ससुरा
सरिता कुमारी यादव	विद्यानगर ५	१५१०३२।१६८६९	सिराहा। २०६६।०६।०४	राम पुकार यादव	रामचन्द्र यादव

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१।१२।०९ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम
८	मुसहरु यादव	धनगढीमाई ६	८७२१४०९८। सिराहा। २०४४।११४।२८	राम प्रसाद यादव	बासुदेव यादव	सरल कृषि कर्जा	९०००००	१४३९२८.९५	१०४३९२८.९५

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१।१२।०९ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम
९	न्यू शिव गूरु जेनरल पसल	सुखीपुर ८				व्यापार कर्जा	८९५०००	८९३०७	९८४३०७

फर्मको दर्ता नं.९३६७।२०७५।०७६ दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराहा दर्ता मितिः २०७५।०९।१८ पान नं. ६०८९९३९९९

प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम तथा विवरण

नाम	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु। पति	बाजे। ससुरा
कृष्ण कूमार गूप्ता	सुखीपुर १०	१५-०१-७३-०७४९७	सिराहा। २०७३।०९।०३	गंगा प्रसाद साह रौनियार	जदुनन्दन साह रौनियार

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१।१२।०९ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम
१०	ममता माछा फर्म	कुशाहा लक्ष्मीनीया ०९				माछापालन कर्जा	८५००००	७०२०५	९२०२०५

फर्मको दर्ता नं.९८७२।०७६।७७ दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराहा दर्ता मितिः २०७६।०४।१५ पान नं. ६११०७७८४२

प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम तथा विवरण

नाम	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु। पति	बाजे। ससुरा
ममता कुमारी सिंह	कविलासी ०४	१५३०३०।१७६	सिराहा। २०६३।१२।०७	विनित कुमार राय	ईन्द्रदेव राय दनुवार

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१।१२।०९ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम
११	दारिका शिव साईकल स्टोर्स	धनगढीमाई ०२				व्यापार कर्जा	७०००००	१०१२७१	८०१२७१

बाँकी पृष्ठ ३ मा

मान्मा–गमगढी अप्टिकल फाइबर विस्तार

काठमाडौं (अस)। नेपाल टेलिकमले कालिकोटको सदरमुकाम मान्मदेखि जुम्ला हुँदै मुगुको सदरमुकाम गमगढीसम्म पहिलोपटक अल डाइलेट्रिक सेल्फ सपोर्टिङ (एडीएसएस) प्रविधिमा आधारित अप्टिकल फाइबर विस्तार गरेको छ। देशका दुर्गम क्षेत्रमा समेत सर्वसुलभ रूपमा दूरसञ्चार सेवा विस्तार एवं स्तरोन्नति गर्ने अभियान एवम् लक्ष्यअन्तर्गत यो सेवा विस्तारबाट कालिकोट, जुम्ला, मुगु लगायतका क्षेत्रमा मोबाइल ब्रोडब्याण्ड र फाइबर सेवाको गुणस्तर तथा क्षमता वृद्धि हुनुका साथै भविष्यमा सञ्चालनमा आउने नयाँ प्रविधिको लागि समेत महत्त्वपूर्ण आधार निर्माण भएको बताइएको छ।

माइक्रोवेभ रेडियो लिंकमार्फत हाल सञ्चालनमा रहेका राजमार्ग आसपासका कम्पनीका फाइबर इन्टरनेट (एफटीटीएच) तथा मोबाइल सेवासँग सम्बन्धित उपकरणका साथै एनटी टीभी ब्रान्डको टेलिभिजन सेवा समेत गत हप्तादेखि अप्टिकल फाइबरमार्फत सञ्चालनमा ल्याइएको छ। सेवा विस्तारसँगै उक्त क्षेत्रका सेवाग्राहीले हाल सञ्चालनमा रहेका सेवाको गुणस्तर तथा क्षमता अभिवृद्धि भएको प्रत्यक्ष अनुभव गर्ने अपेक्षा गरिएको छ। यसका साथै दुरसञ्चार सेवाको लागि आवश्यक पर्ने ट्रान्समिसन रुटको वैकल्पिक मार्ग समेत स्थापना भई अटुट सेवा प्रवाहको प्रत्याभूति हुने कम्पनीको भनाइ छ।

'ग्लोबल मनी विक २०२५' मा एनएमबि बैंकको वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं (अस)। एनएमबि बैंकले 'ग्लोबल मनी विक २०२५' अवसरमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। सो कार्यक्रमअन्तर्गत बैंकले आफ्ना विभिन्न शाखामार्फत विभिन्न स्कुल तथा क्याम्पसमा वित्तीय साक्षरता कार्यक्रमको आयोजना गरेको हो। सो अवसरमा आयोजना गरिएका प्रभातफेरी कार्यक्रममा बैंकका विभिन्न शाखा सहभागी भएका थिए।

बैंकले सामाजिक सञ्जालमार्फत पनि विभिन्न सचेतना तथा अन्य जानकारीमूलक कार्यक्रम सञ्चालन गरेको बताइएको छ। बैंकको वित्तीय साक्षरता कार्यक्रमबाट तीन हजार जनाभन्दा बढी व्यक्ति प्रत्यक्षरूपमा लाभान्वित भएको बताइएको छ। बैंकले हाल देशभर २०२ शाखा, १८७ एटीएम र ९ एक्सटेन्सन काउन्टरमार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको छ।

ग्लोबल मनी विकमा माछापुच्छ्रे बैंकको सप्ताहव्यापी कार्यक्रम

काठमाडौं (अस)। वित्तीय साक्षरता जगाउने उद्देश्यले विश्वव्यापी रूपमा मनाइएको 'ग्लोबल मनी विक २०२५' को अवसरमा माछापुच्छ्रे बैंक लिमिटेडले वित्तीय साक्षरता कार्यक्रम गरेको छ। बैंकले कात्तिक ४ देखि १० गतेसम्म विभिन्न शाखामार्फत वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको हो।

बैंकले विभिन्न स्थानीय स्कुल, कलेजसँग समन्वय गरेर विभिन्न तहका विद्यार्थीको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम गरेको हो। बैंकले ग्राहकलाई लक्षित गर्दै यसअघि पनि विभिन्न समयमा विभिन्न माध्यममार्फत वित्तीय साक्षरता कार्यक्रम गर्दै आएको छ। बैंकले १६५ शाखा, ९९ शाखारहित बैंकिङ सेवा, ११ एक्सटेन्सन काउण्टर, २०४ एटीएममार्फत अत्याधुनिक प्रविधिमार्फत बैंकिङ सुविधा प्रदान गर्दै आएको छ।

'ग्लोबल मनी विक २०२५' मा सिन्धु विकास बैंकका कार्यक्रम

काठमाडौं (अस)। सिन्धु विकास बैंक लिमिटेडको वार्षिक कार्ययोजना तथा 'ग्लोबल मनी विक २०२५' का अवसरमा शाखा कार्यालय बनेपा तथा नारायणगढको आयोजनामा आइतवार बनेपास्थित संकल्प क्याम्पस र भरतपुर लायन्सचोकस्थित बालकुमारी कलेजमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरिएको छ। संकल्प क्याम्पसका स्नातक तहका ६५ जना विद्यार्थी र बालकुमारी कलेजका कक्षा ११ तथा १२ का ७० जना विद्यार्थी कार्यक्रममा उपस्थित थिए। कार्यक्रममा बचत, कर्जा, लगानी, खर्च, बजेट, वित्तीय सेवा लगायत डिजिटल बैंकिङ प्रणालीको उपयोग, चुनौती तथा सुरक्षा जस्ता विषयवस्तुको बारेमा विद्यार्थीलाई जानकारी गराइएको थियो।

प्रभात दिदीबहिनी सहकारी र पुष्पाञ्जली हस्पिटलबीच सम्झौता

चितवन (अस)। प्रभात दिदीबहिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका शेयर सदस्य र उनीहरूका परिवारले पुष्पाञ्जली हस्पिटलमा छूट पाउने भएका छन्। छूटसम्बन्धी सम्झौतामा हस्पिटलका अध्यक्ष चेतनाथ वाग्ले र सहकारीका अध्यक्ष साधना पोखेल श्रेष्ठले हस्ताक्षर गरेका छन्। सम्झौतापत्रमा सहकारीका सदस्य तथा परिवारका सदस्यको स्वास्थ्य परीक्षणमा २५ प्रतिशत छूटको व्यवस्था गरिएको छ। यस्तै, प्रयोगशाला परीक्षण, बेड सेवा, ईसीजी, भिडियो एक्सरे, सिटी स्क्यानलगायतका सेवामा पनि खेलाडीले २५ प्रतिशतसम्म छूट सुविधा पाउने भएका हुन्। यस्तै औषधिमा ७ प्रतिशत छूट सुविधा हुने छ। हस्पिटलका अध्यक्ष वाग्लेले रक्तदान, महिलाहरूको पाठेघर जाँच, सचेतना कार्यक्रमसँगै 'जनतासँग अस्पताल' कार्यक्रम लिएर घर घरमा पुगेर सेवा दिने सोचमा अस्पताल रहेको बताए।

राष्ट्रिय वाणिज्य बैंकको वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं (अस) । राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले देशव्यापी रूपमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ । ग्लोबल मनी विकको सन्दर्भ पारेर चैत ४ देखि १० गतेसम्म 'थिंक बिफोर यु फलो, वाइज मनी टुमरो' नारासहित साताव्यापी साक्षरता कार्यक्रम सञ्चालन गरेको थियो ।

कार्यक्रमबाट १० हजार ३ सय ९२ जना लाभान्वित भएको बैंकले जानकारी दिएको छ । बैंकले विभिन्न स्कुल तथा कलेजका विद्यार्थीको सहभागितामा सातै प्रदेशका शाखा कार्यालयबाट देशव्यापी वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको हो । सो अवसरमा बैंकसँग कारोबार गर्दा हुने फाइदा, डिजिटल बैंकिङ, क्यूआर, पोस सेवा, आरविवि स्मार्ट बैंकिङ, इन्टरनेट बैंकिङ, पिन तथा पासवर्ड सुरक्षा, ओटीपी, रेमिट्यान्स कारोबार, बचत तथा कर्जाको सदुपयोगसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो ।

बैंकका शाखा कार्यालयमा विद्यार्थीलाई भ्रमण गराई सैद्धान्तिक तथा प्रयोगात्मक विधिबाट वित्तीय सचेतनाबारे ज्ञान प्रदान गरिएको थियो । साथै सामाजिक सञ्जालबाट चेतनामूलक श्रव्यदृश्य सामग्री समेत प्रसारण गरिएको थियो । सन् २०१२ देखि प्रत्येक वर्ष विश्वका १७६ भन्दा बढी मुलुकमा सञ्चालन हुँदै आएको 'ग्लोबल मनी विक' मूलतः किशोर/किशोरी तथा युवा/युवती लक्षित वित्तीय शिक्षाको महत्त्वबारे जागरण ल्याउने उद्देश्यले शुरू गरिएको अभियान हो ।

सिटिजन्स बैंकका ग्राहकलाई 'द मल्ल होटल'मा छूट

काठमाडौं (अस) । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र 'द मल्ल होटल'बीच बैंकका ग्राहकलाई छूट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ । सो समझदारी पत्रमा हस्ताक्षरपश्चात् बैंकका कार्डवाहक, प्रिभिलेज कार्डवाहक र मोबाइल बैंकिङ प्रयोगकर्ताले होटलमा १५ प्रतिशत छूट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकको छ । बैंकले डिजिटल बैंकिङको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल भुक्तानी गर्न प्रोत्साह गर्न समय समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छूटसम्बन्धी विस्तृत विवरण बैंकको वेबसाइटमा प्राप्त गर्न सकिने बताइएको छ ।

प्रतिष्ठित अवार्ड 'बैंक अफ द इयर २०२४' को उपाधि प्राप्त गर्न सफल बैंकले केही समयअघि मात्र फोनपे सँगको सहकार्यमा नेपालमै पहिलो पटक 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' (भर्चुअल क्रेडिट कार्ड) सञ्चालनमा ल्याएको छ । साथै नेपालमै पहिलो पटक मोबाइल बैंकिङ एपमार्फत नै शेयर आवेदन र सीआरएन नम्बर सेवा लिन सकिने सुविधा पनि ल्याएको छ । बैंकले २०० शाखा, १६७ एटीएम, ३ विस्तारित काउन्टर र ७४ शाखारहित बैंकिङ इकाइबाट आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया डाइनामिक डेप्ट फण्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम
नेपाल धितोपत्र बोर्डबाट २०७७/०७/२१ मा योजना संचालन अनुमति प्राप्त खुल्लामुखी योजना

२०८१ फाल्गुण मसान्तको खुद्ध सम्पत्ति मूल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य	गत मासिक मसान्त सम्पत्ति मूल्य
	सूचिकृत धितोपत्रमा लगानी		
१	शेयर	४७२,०२३,२४५	३६२,०८१,४८५
२	ऋणपत्र	३३७,१५६,५०१	३१७,०५९,१८५
	सुचिकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	४,४२६,२८९	१०,६७१,४०६
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	८०,०००,०००	३०,०००,०००
	कूल लगानी (क)	**८४३,६०६,०३५**	**७१४,८१२,७७५**
	चालु सम्पत्ति		
१	बैंक मौज्दात	३६१,७६५,०५७	४६३,३७८,८५९
२	अन्य सम्पत्ति	१२,०५७,९१०	३१,०६२,४४४
	जम्मा (ख)	**३७३,८२२,४६७**	**४९४,४४१,४०४**
	चालु दायित्व		
१	चालू दायित्व	१,७९३,४५२	-
२	भुक्तानी दिनुपर्ने शुल्क	१,३९७,९९६	२,०१२,७३७
	जम्मा (ग)	**३,१९१,४४५**	**२,०१२,७३७**
	कूल सम्पत्ति	**१,२६४,२३७,५५३**	**१,२१२,२४०,७४२**
१	योजना व्यवस्थापक शुल्क	१,५०६,६९४	१,४९४,५४३
२	डिपोजीटरी शूल्क	२००,८९३	१९९,२७२
३	कोष सुपरीवेक्षक शुल्क	१००,४४६	९९,६३६
	खुद सम्पत्ति	**१,२६२,४२५,५२०**	**१,२१०,४४७,२५०**
	जम्मा जारी इकाई संख्या	११९,७३६,७६०	११५,४२३,७०५
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**१०.५४**	**१०.४५**

२०८१ फाल्गुण मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य	गत मासिक मसान्त सम्पत्ति मूल्य
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	२६,४८९,३८०	२५,१९४,२७३
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	२८,१४०,६८१	२०,७५०,३४७
	जम्मा आम्दानी	**५४,६३०,०६०**	**४५,९४४,६२०**
	खर्च		
१	सूचना तथा प्रकाशन खर्च	३१३,४५१	३०१,१६१
२	योजना व्यवस्थापन शुल्क	१०,०२२,८१४	८,५१६,१२०
३	डिपोजीटरी शुल्क	१,३३६,३७५	१,१३५,४८३
४	कोष सुपरीवेक्षक शुल्क	६६८,१८८	५६७,७४१
५	योजना लेखापरीक्षण शुल्क	७४,६११	६५,६३३
६	सिडिएससि वार्षिक शुल्क	२७०,०००	२७०,०००
७	अन्य खर्च	२,१४०,७५३	१,७७३,५३४
८	बुक बिल्डिङ शुल्क	५,०००	५,०००
	जम्मा खर्च	**१४,८३१,१५२**	**१२,६३४,६७१**
	कूल नाफा/(नोक्सान)	**३५,७५८,८६५**	**३३,३०५,९४५**

नोटः
१. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८१ फाल्गुण मसान्तसम्म गरेको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन, कारोबार शूल्क समेत) रु. ७९२,०२१,३८४.४५३ रहेको छ ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ का अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मूल्यांकन गरिएकोछ ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइटः www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मूल्य (रु.)
क) वाणिज्य बैंक			
१	कृषि विकास बैंक लिमिटेड	४२,५२७	१२,४६०,४११
२	नेपाल बैंक लिमिटेड	३०,६२३	७,७९३,४८२
३	सानिमा बैंक लिमिटेड	३६,५०१	११,२०५,८०७
४	सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड	३४,५७०	७,३३९,२११
५	लक्ष्मी सनराइज बैंक लिमिटेड	३६,६२३	८,३४७,७६४
६	ग्लोबल आइएमई बैंक लिमिटेड	३४,८६१	७,८६४,६४२
७	प्राइम कमर्सियल बैंक लिमिटेड	३७,८७१	९,८०८,५८९
८	नबिल बैंक लिमिटेड	३९,५४७	१९,४१७,५७७
ख) विकास बैंक			
१	कामना सेवा विकास बैंक लिमिटेड	३५,७२४	१६,५०४,४८८
२	गरिमा विकास बैंक लिमिटेड	२१,७८१	८,९८६,८४१
३	शाइन रेसुन्ना डेभलपमेन्ट बैंक लिमिटेड	३०,२००	१३,१०६,८००
ग) लघुवित्त वित्तीय संस्था			
१	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	१९,१५५	१६,५८८,२३०
२	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	१३,८७५	९,५४६,०००
३	जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	१,७१७	२,३८३,१९६
४	डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड	४,३६७	३,५२४,१६९
५	महिला लघुवित्त वित्तीय संस्था लिमिटेड	२५५	५९४,१५०
६	साना किसान विकास बैंक लिमिटेड	४,७४९	३,८९८,९२९
घ) जीवन विमा कम्पनी			
१	एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	४८,९५०	३७,६९१,५००
२	नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२७,६४७	१७,६४७,६०५
३	नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१९,६०४	१५,४०८,७४४
४	सुर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२१,२७८	९,७४५,३२४
५	आईएमई लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२,३०६	१,१०९,१८६
६	सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२,०४६	१,४३२,६०९
७	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	१५,७१०	६,८६५,२७०
८	गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड	१,३०९	२,७०४,२१९
९	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड	१८,४६०	७,९३२,२६२
ङ) निर्जीवन विमा कम्पनी			
१	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	१५,८०८	१०,०६९,६९६
२	सानिमा जीआइसी इन्स्योरेन्स लिमिटेड	८,९७३	६,११९,५८६
३	आइजीआई प्रुडेन्सियल इन्सुरेन्स लिमिटेड	१५,९७५	९,७१२,०००
४	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	३०,४९९	२२,२३३,७७१
५	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	१७,७६८	१७,६६१,३९२
६	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	२०,८४३	१८,६९६,१७१
७	प्रभु इन्स्योरेन्स लिमिटेड	२९,२५१	३१,२४०,०६८
८	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	२३,७००	२०,३२०,९००
९	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड	२०,२५०	१६,३०१,२५०
१०	नेको इन्स्योरेन्स लिमिटेड	२१,०३२	१६,२९९,८००
११	युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड	१७,४६५	११,६८४,०८५
च) म्युचुअल फण्ड			
१	कुमारी इक्वीटी फण्ड	३००,०००	२,७००,०००
२	आरबिबि म्युचल फण्ड १	२५०,०००	२,१९०,०००
३	एनआईबिएल ग्रोथ फण्ड	२,०००,०००	१७,१६०,०००
४	कुमारी सबल योजना	५००,०००	४,३९०,०००
५	नबिल फ्लेसी क्याप फण्ड	२५०,०००	२,९१७,५००
छ) जलविद्युत			
१	रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड	५,०००	२,०२०,०००
२	चिरख्वा हाइड्रोपावर लिमिटेड	४	३,०७२
ज) उत्पादन तथा प्रशोधन			
१	सर्वोत्तम सिमेन्ट लिमिटेड	५००	४०६,१५०
	जम्मा	**४,१०५,२४७**	**४७२,०२३,२४५**

कोष प्रवर्द्धकः
NIC ASIA
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-०१-५१११७७७/८८/८८, फयाक्सः ९७७-०१-५१११७८०
टोल फ्री नं. : १६६०-०१-४९४४१

योजना व्यवस्थापक/डिपोजिटरीः
NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली -१५, काठमाडौं
फोनः ९७७-१-५७०५९२४, फयाक्सः ९७७-१-५७०६३५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया सेलेक्ट-३० (इन्डेक्स फण्ड)

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम
नेपाल धितोपत्र बोर्डबाट २०७८/०१/३१ मा योजना संचालन अनुमति प्राप्त
२०७८/०३/२३ देखि २०८५/०३/२२ सम्म अवधि भएको ७ वर्षे योजना

२०८१ फागुन मसान्तको खुद्ध सम्पत्ति मुल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	सुचीकृत धितोपत्रमा लगानी		
१	शेयर	९७१,१०९,५७४	९०४,८१४,६५२
२	ऋणपत्र	-	-
	सुचीकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	१७,२१२,९८८	३,३६७,९५०
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	१५७,५००,०००	१९२,५००,०००
	कुल लगानी (क)	**१,१४५,८२२,५६२**	**१,१००,६८२,६०२**
	चालू सम्पत्ति		
१	बैंक मौज्दात	२६१,३१७,७३७	२३४,३००,८६०
२	अन्य सम्पत्ति	३,८९३,८०४	२९,३२२,७०३
	जम्मा (ख)	**२६५,२११,५४१**	**२६३,६२३,५६३**
	चालु दायित्व		
१	चालु दायित्व	२,०१८,०४६	-
२	भुक्तानी दिनुपर्ने शुल्क	११,४७७,६५८	२५६,८५८
	जम्मा (ग)	**१३,४९५,७०४**	**२५६,८५८**
	कूल सम्पत्ति (क+ख-ग)	**१,३९७,५३८,३९९**	**१,३६४,०४९,३०६**
१	योजना व्यवस्थापक शुल्क	१,६६५,५५९	१,६८१,७०५
२	डिपोजीटरी शुल्क	२२२,०७५	२२४,२२७
३	कोष सुपरीवेक्षक शुल्क	१११,०३७	११२,११४
खुद सम्पत्ति		**१,३९५,५३८,७२७**	**१,३६२,०३१,२६१**
जम्मा जारी इकाई संख्या		**१२५,०००,०००**	**१२५,०००,०००**
प्रति इकाई खुद सम्पत्ति मूल्य		**११.१६**	**१०.९०**

२०८१ फागुन मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त (रु.) सम्पत्ति मूल्य	गत मासिक मसान्त (रु.) सम्पत्ति मूल्य
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	९१,२३८,७४६	८८,०१०,६६१
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	७०,८०४,९०७	३८,३५६,९१८
जम्मा आम्दानी		**१६२,०४३,६५३**	**१२६,३६७,५७५**
	खर्च		
१	सूचना तथा प्रकाशन खर्च	२८३,२४३	२५७,१६३
२	बैंक शुल्क	२,२५१	२,१५५
३	योजना व्यवस्थापन शुल्क	१४,२१७,९०५	१२,५५२,३४५
४	डिपोजीटरी शुल्क	१,८९५,७२१	१,६७३,६४६
५	कोष सुपरीवेक्षक शुल्क	९४७,८६०	८३६,८२३
६	योजना लेखापरीक्षण शुल्क	७३,४५०	६४,०३३
७	सिडिएससि वार्षिक शुल्क	१७०,०००	१७०,०००
८	स्टक एक्सचेञ्ज वार्षिक शुल्क	५०,०००	५०,०००
९	बुक बिल्डिङ शुल्क	५,०००	५,०००
१०	अन्य स्वर्च	५४८,३०८	४१४,९६३
	जम्मा खर्च	**१८,१५३,७३७**	**१६,०२६,१२५**
	कुल नाफा / (नोक्सान)	**१४३,८४५,५१६**	**११०,३४१,४५०**

नोटः १. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८१ फागुन मसान्तसम्म गरेको लगानीको परल मुल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क समेत) रु.९१९,८६३,४१५.१८७ रहेको छ ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ का अधिनमा रही योजना व्यवस्थापकले अवलम्वन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मूल्यांकन गरिएको छ ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइट www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मूल्य (रु)
क) वाणिज्य बैंक			
१	माछापुच्छ्रे बैंक लिमिटेड	१३४,९१९	३१,०३१,३७०
२	सानिमा बैंक लिमिटेड	१३५,४२०	४१,५७३,९४०
३	प्रभु बैंक लिमिटेड	९२,८९७	२०,३९०,८९२
४	नेपाल बैंक लिमिटेड	१०५,५३७	२६,८०६,३९८
५	सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड	९५,६२८	२०,३०१,८२४
६	कृषि विकास बैंक लिमिटेड	११९,३३८	३४,९६६,०३४
७	प्राइम कमर्सियल बैंक लिमिटेड	१२५,२४१	३२,४३७,४१९
ख) विकास बैंक			
१	महालक्ष्मी विकास बैंक लिमिटेड	९०,४९२	४२,३४१,२०७
२	गरिमा विकास बैंक लिमिटेड	८४,४५३	३४,८४५,३०८
३	शाइन रेसुन्ना डेभलपमेण्ट बैंक लिमिटेड	९३,९११	४०,७४७,३७४
ग) निर्जीवन विमा कम्पनी			
१	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	७९,२६१	५७,७८१,२६९
२	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	७३,७४०	६३,१९५,१८०
३	प्रभु इन्स्योरेन्स लिमिटेड	७४,०५८	७९,०९३,९४४
४	आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड	४१,६६६	२५,३३२,९२८
५	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	३९,५०२	२५,१६२,७७४
६	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	४३,९४९	४३,६८५,३०६
घ) जीवन विमा कम्पनी			
१	नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१०६,८८४	६८,७१५,७२४
२	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	७८,३९८	३४,२५९,९२६
३	सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१०१,३५८	४६,४२१,९६४
४	गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड	१,४२२	२,७८८,५४२
५	एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	८०,९६४	६२,३४२,२८०
ङ) हाइड्रोपावर कम्पनी			
१	रिडी पावर कम्पनी लिमिटेड	२७,९१८	६,४४९,०५८
च) म्युचुअल फण्ड			
१	एनआईबिएल ग्रोथ फण्ड	१,०००,०००	८,५८०,०००
२	सनराइज फोकस्ड इक्विटी फण्ड	१,५००,०००	१३,९५०,०००
३	सिद्धार्थ इन्भेष्टमेण्ट ग्रोथ स्किम ३	१,९५०,०००	१९,११०,०००
४	कुमारी सबल योजना	५००,०००	४,३९०,०००
५	एनआईबिएल स्टेबल फण्ड	३,०००,०००	२४,९००,०००
६	सिटिजन्स सुपर ३० म्युचुअल फण्ड	१,५००,०००	१३,२१५,०००
छ) लघुवित्त वित्तीय संस्था			
१	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	२९,८०१	२०,५०३,०८८
ज) अन्य			
१	हिमालयन रि इन्स्योरेन्स लिमिटेड	२४,९७९	२५,७८०,८२६
	जम्मा	**११,३३१,७३६**	**५७१,१०५,५७४**

कोष प्रवर्द्धकः
NIC ASIA
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-०१-५१११७७७/८८/८८, फयाक्सः ९७७-०१-५१११७८०
टोल फ्री नं. : १६६०-०१-४९४४१

योजना व्यवस्थापक/डिपोजिटरीः
NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली -१५, काठमाडौं
फोनः ९७७-१-५७०५९२४, फयाक्सः ९७७-१-५७०६३५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

क्रमशः पृष्ठ २ बाट

फर्मको दर्ता नं. २०४६।०६८।०६९ दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, लहान , सिराहा दर्ता मितिः २०६८।०७।०४ पान नं. ६००३४२६६१

प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम तथा विवरण

नाम	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु । पति	बाजे । ससुरा
सत्य नारायण चौधरी	मोहनपुर कमलपुर ९	५३६६।६१५।५	सिराहा । २०४५।२।३२	दोरिक चौधरी थारु	सुनर चौधरी थारु

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१।१२।०९ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम
१२	अभिषेक सर्विसेज एण्ड रिसर्च सेन्टर प्रा.लि.	धनगढीमाई ०६				सेवा कर्जा	६९९९३८	८६८२४३	१५६८१८१

फर्मको दर्ता नं.१४४९८९।०७२।०७३ दर्ता भएको कार्यालयः कम्पनि रजिष्टारको कार्यालय दर्ता मितिः २०७२।१०।२४ पान नं. ६०३५८९९७१

प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम तथा विवरण

नाम	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु । पति	बाजे । ससुरा
राम नारायण ठाकुर	सुखीपुर ६	९०८३४१६८।४५६२८	सिराहा । २०६०।०३।२६	बच्चु ठाकुर	दशै ठाकुर

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१।१२।०९ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम
१३	सुरेश फर्निचर उद्योग	तेनूवापटी ५				उधोग कर्जा	५०००००	२८७३८	५२८७३८

फर्मको दर्ता नं.३०४५।६४ दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराहा दर्ता मितिः २०५८।०८।२१ पान नं. ३००५३०७०४

ग्राहकहरुको नाम तथा विवरण

नाम	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु । पति	बाजे । ससुरा
रामचन्द्र ठाकूर	तेनूवापटी ५	१५४७०९८४	सिराहा । २०३५।०६।१०	लक्ष्मण ठाकुर	गंगाई ठाकुर

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१।१२।०९ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम
१४	बालानन्द झा	तुलसीपुर ८	१५६१ । सिराहा । २०४६।०५।०१	जगन्नाथ झा	श्री कृष्ण झा	घरायसी	५०००००	१३०४०२	६३०४०२
१५	बिपतीया मण्डल खत्वे	सुखीपुर ०८	७२०।२४१२ । सिराहा । २०५१।०७।०७	गुदर मण्डल	कन्तु मण्डल	सरल कृषि कर्जा	५०००००	१४४७७०	६४४७७०
१६	राम सेवक साहु	सुखीपुर ०८	१०७२।३४४१। सिराहा ।२०४४।११।४	राम गुलाम साहु तेली	सुखी साहु	सरल कृषि कर्जा	५०००००	१६३६४९	६६३६४९
१७	कन्नी वती थरुनी	सुखीपुर ०१	९०८३-२९ । सिराहा ।२०४४।१०।२८	विलट चौधरी थारु	अनुप चौधरी	सरल कृषि कर्जा	६०००००	११९९९८	७१९९९८
१८	सहिद अन्सारी मियां	कुशाहा लक्ष्मीनीया ७	६२७१३२९ । सिराहा । २०४९।०९।०९	घिसन मियां	भदै मियां	घरायसी	१९८३०२	११३४८	२०९६५०
१९	महिन्दर यादव	महेशपुर ०७	५७८६२०३४ । सिराहा ।२०३४।१०।११	जुगुत यादव	सगम यादव	धान खेती	२१५०००	३७३५०	२५२३५०
२०	सार्धा वती चौधरी	सुखीपुर ०३	९०८३-५६० । सिराहा । २०४४।११।०६	सबुरी चौधरी	गरहाई चौधरी	तरकारी खेती	६९८३२	१०१३९	७९९७१
२१	राम चन्द्र पाल	सिलोर्वा पछवारी ०२	५२७४।२७२१३०१२ सिराहा २०३५।०३।१३	सिताराम पाल	भोग राउत	कृषि.बे.बी.	९९९४६	२०३१४४	३०३०९०
२२	खुशीलाल चौधरी	फुलकहाकटी १	०३४६१०५३ सिराहा २०३६।०६।२८	कारी चाधरी	श्याम चौधरी	उधोग कर्जा	४७७३८	२२५६	४९९९४
२३	राजकुमार कामती	बल्ही ०१	१४७३-४४१ सिराहा २०४६।०२।२०	असर्फी कामैत	श्रीचन कामैत	सरल कृषि कर्जा	६१३०००	६८७९७	६८१७९७
२४	जगविर यादव	बल्ही ०७	१८५८ सिराहा २०४४।१२।२०	कुनाई यादव	जनक यादव	तरकारी खेती	७००००	५८६३	७५८६३
२५	राम कुमार यादव	बरियारपटी ०२	५९०।७२२ सिराहा २०४९।०९।२३	गर्भु यादव	मोती यादव	सरल कृषि कर्जा	२७५०००	२४१००	२९९१००
२६	उतिम लाल यादव	खरुक्याही ०३	१७१८ सिराहा २०४३।०३।०१	बालबोध यादव	आनन्द लाल यादव	सरल कृषि कर्जा	४०००००	१०८७६६	५०८७६६
२७	ललिता देवी तत्मा	दुर्गापुर ०३	१५१०४८।५८ सिराहा २०६५।०३।१५	राज कुमार तत्मा	बतहु दास तत्मा	सरल कृषि कर्जा	४३००००	४०३२९	४७०३२९
२८	महेन्द्र राय दनुवार	सुखीपर ०४	७२१०५७५ सिराहा २०३४।०६।०९	सुकदेव राय	कल्याण राय	सरल कृषि कर्जा	२९९९३६	३७५९४	३३७५३०
२९	दरवारी खत्वे	पिपरा ०४	३७६६।१७९।५७४ सिराहा २०४५।०१।२९	फुसीयाहा मण्डल खत्वे	मेथुर मण्डल खत्वे	पाडीपालन	२७००००	४०३४६	३१०३४६

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय रामशाहपथ, काठमाण्डौं

सरकारको पहिलो कर्तव्य जनता जोगाउने हो, उनीहरूको जीवन नियन्त्रण गर्ने होइन ।
- रोनाल्ड रेगन

सम्पादकीय

डिजिटल अर्थतन्त्रमा फड्को

नेपालको डिजिटल अर्थतन्त्रको अवस्था दक्षिण एशियाली छिमेकी मुलुकहरूको तुलनामा सानो भए पनि रोजगारी सृजना र आर्थिक वृद्धिमा बलियो सम्भावना देखाएको विश्व बैंकले बताएको छ । बैंकले सोमवार सार्वजनिक गरेको 'नेपाल राष्ट्रगत आर्थिक परिदृश्य : नेपालमा आर्थिक वृद्धिको सम्भावना उजागर' प्रतिवेदनले नेपालको डिजिटल अर्थतन्त्रको विस्तार सुस्त गतिमा भए पनि छिमेकी मुलुकहरूको तुलनामा राम्रो रहेको देखाएको छ । यसबाट सरकारले आगामी १० वर्षमा ३० खर्बको डिजिटल निर्यात गर्न लिएको लक्ष्य प्राप्त हुन सक्ने सम्भावनालाई उजागर गरेको छ । तर, गर्नुपर्ने काम भने थुप्रै बाँकी रहेको देखिन्छ ।

प्रतिवेदनअनुसार सन् २००५ देखि २०२३ सम्म डिजिटल रूपमा प्रदान गरिने सेवाको निर्यात वार्षिक १२ दशमलव ३ प्रतिशतका दरले बढेको छ । नेपालको सूचना तथा सञ्चारप्रविधिले रोजगारीको क्षेत्रमा धेरै छिमेकी मुलुकलाई पनि पछाडि पारेको छ । सरकारले डिजिटल अर्थतन्त्रका लागि ठूलो लगानी गरेको छैन तर नेपालमा सूचना सञ्चारप्रविधि उद्योगमा निजीक्षेत्रको लगानी उल्लेखनीय रूपमा वृद्धि भइरहेको छ । प्रतिवेदनअनुसार सन् २०१७ देखि २०२३ सम्ममा १०९ ओटा उद्योगमार्फत सूचनाप्रविधिको क्षेत्रमा लगभग ७ अर्ब १० करोड रुपैयाँ लगानी भइसकेको छ । यो पूँजीले ६ हजार ७४६ रोजगारी सृजना गरेको अनुमान गरिएको छ ।

डिजिटल क्षेत्रमा रोजगारी सृजना गर्नेमा नेपाल भारतपछि दोस्रो स्थानमा रहेको छ भने कुल कुल गार्हस्थ्य उत्पादनको अनुपातमा आइटी सेवा निर्यातका दृष्टिले भने पाकिस्तान पहिलो र नेपाल दोस्रो रहेको छ । श्रीलंका, बंगलादेश, माल्दिभ्स, चीनभन्दा नेपाल अगाडि रहेको छ । त्यसैले नेपालले डिजिटल अर्थतन्त्रमा राम्रै प्रगति गरेको देखिन्छ । यद्यपि यसको आकार निकै सानो छ । ती देशको अर्थतन्त्रमा अन्य क्षेत्रको प्रभुत्व बढी भएकाले आकार सानो देखिएको हो । डिजिटल अर्थतन्त्रमा निजीक्षेत्रको दबदबा रहे पनि सरकारले 'डिजिटल नेपाल फ्रेमवर्क' तयार गरी लागू गरेको छ । यसमा डिजिटल अर्थतन्त्रका माध्यमबाट मुलुकको आर्थिक रूपान्तरण गर्ने लक्ष्य राखिएको छ तर त्यसअनुसार सरकारले लगानी र काम भने

- **डिजिटल रूपमा प्रदान गरिने सेवाको निर्यात वार्षिक १२ दशमलव ३ प्रतिशतका दरले बढेको छ ।**
- **डिजिटल क्षेत्रमा रोजगारी सृजना गर्नेमा नेपाल भारतपछि दोस्रो स्थानमा रहेको छ ।**
- **सूचनाप्रविधिको शिक्षामा पनि सरकार पछि नै**

गरेको देखिँदैन । सरकारले नेपालको आईटी क्षेत्रलाई बलियो बनाउन स्वदेशमा उत्पादित सफ्टवेयरलाई प्राथमिकता दिने, सरकारी डाटा सेन्टरको स्तरोन्नति, विद्युतीय तथ्यांकको भण्डारण, सुरक्षा र उपयोगलाई व्यवस्थित र भरपर्दो बनाउने जस्ता नीति अघि सारेको छ । तर, सूचनाप्रविधिको शिक्षामा पनि सरकार पछि नै रहेको छ, निजीक्षेत्र अगाडि देखिन्छ ।

डिजिटल क्षेत्रमा रोजगारी बढ्दो छ र यसका लागि शैक्षिक संस्थाहरूले पर्याप्त शिक्षा दिइरहेका छन् तर त्यसको गुणस्तर बढाउन आवश्यक छ । अहिले हजारौं आईटी विज्ञको उत्पादन भइरहेको छ र स्वदेशी, विदेशी तथा आउटसोर्सिङ कम्पनीमा तिनले रोजगारी पाइरहेका छन् । त्यसैले सूचनाप्रविधि शिक्षाको व्यापक विस्तार गर्न आवश्यक छ । त्यसैगरी यस क्षेत्रका दक्ष जनशक्तिलाई मुलुकमै टिकाउन पनि समस्या रहेको छ । अलिकति काम जानेपछि विदेश गइहाल्ने युवाको प्रवृत्तिले गर्दा यो क्षेत्रमा दक्ष जनशक्तिको कमी छ । डिजिटल अर्थतन्त्रका लागि इन्टनेटको व्यापक पहुँच आवश्यक पर्छ तर शहरी क्षेत्रमा फिक्स्ड ब्रोडब्यान्ड सेवा उपलब्ध रहे पनि ठूलो जनसंख्या यसबाट टाढै रहेको छ । यसमा दक्षिण एशियाका क्षेत्रीय समकक्षीहरूभन्दा नेपाल पछाडि छ । मोबाइलको पहुँच भने राम्रो छ र मोबाइल इन्टरनेटको पहुँच पनि पर्याप्त देखिन्छ तर फाइभजी सेवा सञ्चालनमा नरहेकाले इन्टरनेटको गति भने निकै सुस्त छ । यद्यपि फिक्स्ड ब्रोडब्यान्डको डाउनलोड र अपलोडको गति भने निकै बढेको छ ।

प्रतिवेदनअनुसार नेपालको डाटा पूर्वाधार विकासले अधिकांश क्षेत्रीय छिमेकीहरूलाई उछिनेको छ । यद्यपि इन्टरनेट एक्सचेन्ज पोइन्टहरू, डाटा सेन्टरहरू, र क्लाउड कम्प्युटिङसहित डाटा पूर्वाधार, फिक्स्ड ब्रोडब्यान्ड सेवाको किफायती र गुणस्तर सुधार गर्न आवश्यक छ । नेपालले डिजिटल अर्थतन्त्रमा फड्को मारेको हो तर त्यो अपर्याप्त छ । शिक्षामा लगानी कम भएकाले दक्ष जनशक्तिको उत्पादन हुन अझै पुगेको छैन । त्यस्तै सरकारले आईटी सेवाको निर्यातमा सुविधा दिएको छ । लगानीका लागि सहज व्यवस्था गर्नुका साथै केही सहुलियत पनि दिएको छ । यसले आईटी क्षेत्रलाई उत्साहित त गरेको छ तर सम्भावनाको आलोकमा यी पर्याप्त भने छैनन् ।

आर्थिक अभियान
१० वर्षअघिको आर्थिक अभियानबाट

कृषिबीमा कोष गठनको तयारी

कृषि मन्त्रालयले कृषिबीमालाई अनुदान दिन कृषिबीमा कोष गठन गर्ने भएको छ । कोष स्थापनाको विषयमा मन्त्रालयले बीमा समितिलगायत सरोकारवाला पक्षसँग छलफल गरी सहमतिसमेत भइसकेको मन्त्रालयका सहप्रवक्ता टेकप्रसाद लुइँटेलले जानकारी दिए ।

उनले भने, 'कृषिबीमाका लागि दिने अनुदान सोही कोषमा जम्मा हुनेछ ।' कृषि बीमा अन्तर्गतका विभिन्न बीमाको शुल्क महँगो हुँदा किसानलाई मर्का पर्ने भएकाले सरकारले अनुदान दिन लागेको मन्त्रालयको भनाइ छ । मन्त्रालयका अनुसार कृषिबीमा गर्न सरकारले स्रोतका सुनिश्चितता गरी कार्यान्वयन गर्नेछ र कोषमार्फत अनुदान दिनेछ । कोष स्थापनाका लागि मन्त्रालयले कार्यविधिसमेत बनाइसकेको उनले बताए । उनका अनुसार सो कार्यविधिबारे अर्थमन्त्रालयसँग छलफल हुनेछ । उनले भने, 'कार्यविधि मन्त्रिपरिषद्बाट स्वीकृत भएर आउनुपर्ने हुँदा केही समय लाग्न सक्छ ।'

वर्ष ८, अंक १५२, सोमवार, ७ फागुन, २०६९

अवैध विदेशी मुद्राको सीमापार स्थानान्तरण

यो 'वास वास' ठगी मात्र होइन

विदेशी मुद्रादेखि लिएर सुनसम्मको तस्करीमा वास्तविक धनीको पहिचान हुन नसकेको घटनाले कानून कार्यान्वयन गर्ने निकायको सक्षमतामाथि मात्र प्रश्न उठ्दा त्यो विषय जति गम्भीर हुन्छ, तिनको नियतमाथि पनि प्रश्न उठ्यो भने चाँहि त्यो देशका लागि नै दुर्भाग्य हुनेछ ।

प्रकाश भण्डारी

सम्पत्ति शुद्धीकरणका प्रचलित तरीकामध्ये बहद् राशीमा हुने नगदको अन्तरदेशीय स्थानान्तरण पनि हो । विशेष गरी कमजोर कानूनी एवं प्रशासनिक संरचनाका कारण अवैध रूपमा नगद संकलन गर्न सहज मानिने मुलुकहरूबाट यस प्रकारका अपराधमा संलग्नहरूले ठूलो मात्रामा नगद स्थानान्तरण गर्ने गरेका छन् । यस्तो मुलुकमा विद्यमान हुने कमजोर संरचनाका अतिरिक्त व्यापक मात्रामा कायम हुने भ्रष्टाचार समेतलाई आधार मानेर कथं कानून कार्यान्वयन गर्ने निकायले पहिचान गरिहालेमा पनि 'अन्य' उपायद्वारा छुटकारा पाउन सकिने 'विश्वास' का आधारमा यस्तो गतिविधि हुने गर्छ । वित्तीय कारबाही कार्यदलले भरखरै मात्र खैरो सूचीमा राखेको नेपालमा केही दिन अघि यस्तै गरी बृहद् राशीमा छिमेकी मुलुकतर्फ स्थानान्तरण हुन लागेको विदेशी मुद्रा फेला परेपछि माथि उल्लेख गरिएका विषयमा भएको नेपालको कमजोरीलाई वित्तीय एवं अन्य अपराधीले कुन हदसम्म दुरूपयोग गर्ने गरेका रहेछन् भन्ने कुरा फेरि एकपटक उदांगो भएको छ ।

यो घटनाले कार्यदलको खैरो सूचीलाई समेत प्रकारान्तरले अनुमोदन गरेको देखिएकाले त्यसबाट उम्किन नेपालले यो घटनाको प्रभावकारी रूपमा समूल अनुसन्धान र कारबाही गर्ने क्षमता देखाउनु अपरिहार्य देखिन्छ । यसलाई केवल नक्कली मुद्रालाई सक्कलीजस्तो बनाउने 'वास वास' ठगीका रूपमा मात्र लिएर त्यसैअनुसार मात्र अनुसन्धान हुने हो भने पर्दा पछाडि हुने तस्करीजस्ता अवैध क्रियाकलाप सहजै आवरणभित्र ढाकिने जोखिम रहन्छ । विगतमा जस्तै जसले यो मुद्रा भएको गाडी चलाएको छ, ऊ नै मात्र अपराधीजस्तो गरी उसको पछाडिको वास्तविक अपराधी पत्ता लगाइएन र यस्ता घटनालाई सतहमा मात्र हेरियो भने त्यसले मुलुकमाथि दीर्घकालीन गम्भीर दुष्प्रभाव छोड्ने निश्चित छ ।

यसरी ठूलो राशीको विदेशी मुद्रा समातिएपछि त्यो मुद्राको स्रोत के होला भन्ने बारेमा पनि विभिन्न अड्कलबाजीहरू शुरू भएका छन् । सम्भाव्य स्रोतको बारेमा चर्चा गर्नु पहिला नेपालीहरूले विदेशी मुद्रा नगदमा प्राप्त गर्ने औपचारिक/अनौपचारिक माध्यमहरू हेरौं ।

कुनै पनि व्यक्ति विदेश जानु परेको खण्डमा पासपोर्ट र कन्फर्म टिकटको आधारमा बढीमा २५ सय अमेरिकी डलरसम्मको विदेशी मुद्रा उसले नगदमा प्राप्त गर्न सक्छ । विदेशी मुद्रामा नै खाता भएको व्यक्तिले भने त्योभन्दा केही बढी नगद प्राप्त गर्न सक्ने व्यवस्था छ । तर, यसरी सटही भएका विदेशी मुद्रा विदेश नपुगी नेपालमा नै रहेर यो परिमाणमा एकत्रित हुने सम्भावना अत्यन्त न्यून छ ।

यसका अतिरिक्त विदेश गएर फर्केका व्यक्तिहरूका हातमा समेत केही विदेशी मुद्रा हुन सक्छ । विदेशी कूटनीतिज्ञहरूले निश्चित सीमासम्म नगदमै विदेशी मुद्रा बैंकबाट प्राप्त गर्न सक्छन् । भाडामा बसेको घरको भाडा तिर्ने प्रयोजनका लागि तथा अन्य खरिददारीमा समेत उनीहरूले आफूले प्राप्त गरेको विदेशी मुद्राको प्रयोग गर्न सक्छन् । कुनै विदेशीलाई आफूनो कलाकृति, बहुमूल्य सांस्कृतिक तथा पुरातात्त्विक वस्तुहरू विक्री गर्नेहरूले पनि विदेशीहरूबाट विदेशी मुद्रा प्राप्त गर्न सक्छन् ।

यसरी प्राप्त हुने नगद विदेशी मुद्राको सटही औपचारिक माध्यमबाट त्यति सहज नहुने हुनाले त्यस्ता रकम भने विभिन्न माध्यमबाट तस्करहरूको हातसम्म पुग्ने सम्भावना रहन्छ । तर, जुन परिमाणमा यस्तो मुद्रा फेला परेको छ, त्यसबाट यसरी खुद्रा रूपमा नेपालीहरूले हात पारेको विदेशी मुद्रा औपचारिक तथा अन्य खुद्रे अनौपचारिक माध्यमबाट संकलन भएको मान्न सकिँदैन । त्यसो भए यस्तो मुद्रा संकलन कहाँबाट कसरी भयो होला भन्ने स्वाभाविक प्रश्न खडा हुन्छ । अब यसका केही सम्भाव्य स्रोतहरूका बारेमा चर्चा गरौं ।

अवैध हातहतियारदेखि लागूपदार्थ समेतको कारोबारमा नेपाललाई मार्ग बनाइने गरेको कुरा धेरै घटनाक्रमहरूले पुष्टि गरिसकेका छन् । खुला सिमाना र फितलो नियन्त्रण प्रणालीको कारण गतिविधिहरूका लागि नेपाल 'उर्वर' भूमि नै रहिआएको छ । शायद यस्तै प्रकृतिका अन्तरदेशीय अपराधजन्य आयको रूपमा त्यो अवैध रकम संकलित भएको हुन सक्छ र अन्तरदेशीय अपराधीहरूले अपराधजन्य अवैध रकमलाई खुला सिमानाबाट नेपाल प्रवेश गराई पुनः अर्को मुलुकतर्फ स्थानान्तरण गर्न कानूनी, प्रशासनिक एवं अन्य सहजताका कारण नेपालको भूमि तथा नेपालीहरूलाई दुरुपयोग गरेको हुन सक्छ । नगद विदेशी मुद्रा चीनतर्फ लैजान लागिएको भन्ने प्रारम्भिक सूचनाले यो सम्भावनालाई बलियो बनाएको छ ।

अर्को सम्भावना अन्तरराष्ट्रिय व्यापारको माध्यमबाट हुने द्रव्य-शोधनमा पनि यस्तो विदेशी मुद्राको प्रयोग भएको हुन सक्छ । अन्तरराष्ट्रिय व्यापारमा वैधानिक मार्गबाट कम वा अधिक रकमको कारोबार देखाई वास्तविक कारोबारको रकम अवैध रूपमा अनौपचारिक माध्यमबाट भुक्तानी हुने र त्यसरी भुक्तानी भएको रकम स्थलमार्ग हुँदै सम्बद्ध देशमा स्थानान्तरण गर्ने कुरा द्रव्य-शोधनमा संलग्न हुने वित्तीय अपराधीहरूले उपयोग गरिआएकै उपायहरू हुन् । यदि यसो भएको हो भने त्यसलाई पहिचान गरी नियन्त्रण गर्नु प्रहरीलगायत अन्य कानून कार्यान्वयन गर्ने निकायहरूका लागि थप चुनौतीपूर्ण देखिन्छ ।

यसका अतिरिक्त अन्तरराष्ट्रिय रूपमा हुने व्यापार व्यवसायको कमिसन, अन्तरसरकारी कारोबारमा संलग्न उच्च-पदस्थहरूको कमिशनजस्ता अवैध आयहरू औपचारिक माध्यमबाट हुन नसक्ने कारोबारलाई नेपालमा नगदमा नै विदेशी मुद्रामा भुक्तानी गरेका कारण पनि यस्ता मुद्रा संकलित भएका हुन सक्छन् । साथै राजस्व एवं कर छली प्रयोजनका लागि औपचारिक बिलबीजकमा कम वा बढी जनाई बाँकी रकम नगदमा कारोबार भएर त्यसलाई पछि 'हुन्डी'जस्ता माध्यमबाट स्थानान्तरण गर्ने प्रयोजनमा समेत यसरी नगद विदेशी मुद्राको संकलन भएको हुन सक्छ । यो पक्षलाई पनि ध्यानमा राखेर निगरानी नगर्ने यो भने भविष्यमा पनि यस्ता गतिविधि निर्बाध चलिरहने जोखिम रहन्छ ।

त्यसका अतिरिक्त विदेशीहरूले सञ्चालन गरिरेहेका कतिपय रेस्टुराँ, खुद्रा पसल मात्र होइन निर्माण कम्पनीसमेतका सम्पूर्ण वित्तीय कारोबारहरूलाई सूक्ष्म ढंगले अनुगमन गर्ने हो भने पनि यस्ता अवैध रकमको स्रोत पहिचान हुन सक्छ । त्यतातिर पनि सम्बद्ध निकायले ध्यान पुऱ्याउनु जरुरी देखिन्छ ।

नगद विदेशी मुद्राको तस्करी गर्नेहरूले औपचारिक रूपमा बैंकहरूले प्रदान गर्नेभन्दा बढी विनिमय दरमा विदेशी मुद्रा किनेर नगद संकलन गर्ने गर्छन् । यसको लागि मुद्रा विनिमय गर्ने स्थानीय कम्पनीहरू (मनि एक्सचेन्ज) हरूको पनि दुरुपयोग भएको हुन सक्छ । यसले एकातिर विदेशी मुद्राको औपचारिक प्रणालीमा हुने आगमनलाई घटाएको छ भने अर्कोतिर तस्करीका लागि मार्ग प्रशस्तसमेत गरेकाले यस दिशामा सम्बद्ध नियामकहरूले अझ प्रभावकारी ढंगले निगरानी राख्नुपर्ने देखिन्छ ।

यो घटनाले एकातिर अनौपचारिक रूपमा देशको अर्थ एवं वित्तीय प्रणाली बाहिर कुन तहसम्मको कारोबार हुँदो रहेछ भन्ने दर्शाएको छ भने अर्कोतिर सीमापार हुने अन्तरदेशीय तस्करीको चक्रव्यूहमा मुलुक जेलिएको पनि स्पष्ट रूपमा संकेत गरेको छ । त्यति परिमाणमा रकम जम्मा हुनका लागि लाग्ने समय समेतलाई ध्यान दिंदा नेपालमा यस प्रकारका अवैध क्रियाकलापहरू लामो समयदेखि निरन्तर निर्बाध ढंगले सञ्चालन भइरहेको अनुमान गर्न सकिन्छ ।

यसरी सतहमा अवैध विदेशी मुद्रा समातिनु र त्यो बोकेर हिड्ने 'अपराधी' लाई कानूनी कारबाही गरे पछि सरकारी दायित्व समाप्त भएजस्तो देखिए पनि वास्तवमा यसरी ठाउँ ठाउँमा अवैध मुद्रा फेला पर्नुको सम्बन्ध केवल अवैध विदेशी मुद्रासम्म मात्र सिमित हुँदैन । एक किसिमले भन्ने हो भने यो अन्य गम्भीर रोगको कारण कुनै व्यक्तिलाई ज्वरो आएको जस्तै हो । जसरी ज्वरोले अन्य रोगको संकेत गर्दछ र त्यसको उपचार नभई ज्वरो निको हुँदैन, ठीक त्यसै गरी यस्ता अवैध विदेशी मुद्रा संकलन हुने अपराधको कारण पहिचान गरी तिनलाई समूल नियन्त्रण नगरुन्जेल यस्ता गतिविधिहरू रोकिने सम्भावना रहन्न । जसरी ज्वरोको मात्रा र नियन्त्रणका लागि हुने प्रयासको अ/सफलताले रोगको गाम्भीर्य अनुमान गर्न सकिन्छ, ठीक त्यसै गरी बारम्बार एउटै व्यक्ति एकै प्रकारको घटनामा संलग्न भएको पाइनुले विगतमा रोगको उचित निदान भएर उपचार भएको मान्न सकिँदैन । अब भने उचित निदानसहित पूर्ण उपचारका लागि सुराकीसमेतलाई उपयोग गरी अपराधको स्रोतसम्म पुग्नु जरुरी छ ।

होइन, यस्ता गतिविधि निर्बाध ढंगले सञ्चालन भइरहने हो भने देशको औपचारिक अर्थतन्त्रमा गम्भीर धक्का पुग्ने, अनौपचारिक अर्थतन्त्रको दबदबा हुने, त्यसले राज्यको आयमा ह्रास आई राज्यको शक्तिमाथि नै आघात पुग्ने र अन्ततोगत्वा समग्र राज्यप्रणाली नै कमजोर भई असफल हुन सक्ने जोखिम रहने हुनाले पनि यस्ता संवेदनशील विषयमा सम्बद्ध सबै पक्षको उच्चतम गम्भीरता अपेक्षित रहन्छ ।

केही वर्ष पहिला रसुवा, धादिङ, नुवाकोट, सिन्धुपाल्चोकजस्ता चीनका सिमाना जोडिएका जिल्लामा बसोवास गर्ने तुलनात्मक रूपमा अशिक्षित महिलाहरूका नाममा कम्पनी दर्ता गरी तिनको स्वामित्व वा वास्तविक धनीको रूपमा आफू रही अवैध कारोबारमा संलग्न भएका कतिपय चिनियाँ नागरिक समातिएका थिए । अहिलेको घटनामा पनि त्यसैअनुसार नेपालीहरूलाई प्रलोभनमा पारी तस्करी एवं वित्तीय अपराधमा परिचालन गरिएको हुन सक्छ । विदेशी मुद्रादेखि लिएर सुनसम्मको तस्करीमा वास्तविक धनीको पहिचान हुन नसकेको घटनाले कानून कार्यान्वयन गर्ने निकायको सक्षमतामाथि मात्र प्रश्न उठ्दा त्यो विषय जति गम्भीर हुन्छ, तिनको नियतमाथि पनि प्रश्न उठ्यो भने चाँहि त्यो देशको लागि नै दुर्भाग्य हुनेछ । आशा गरौं, अहिले यस्तो हुने छैन र कथं भइहाल्यो भने पनि यो उनीहरूको असक्षमतामा मात्र सीमित होस् ।

लेखक सम्पत्ति शुद्धीकरणसम्बन्धी विषयमा विद्यावारिधिप्राप्त बैंकर हुन् ।

- **जसले यो मुद्रा भएको गाडी चलाएको छ, ऊ नै मात्र अपराधीजस्तो गरी सतहमा मात्र हेरियो भने दीर्घकालीन गम्भीर दुष्प्रभाव पर्नेछ ।**
- **जुन परिमाणमा तस्करी मुद्रा फेला परेको छ, त्यो औपचारिक तथा अन्य खुद्रे अनौपचारिक माध्यमबाट संकलन भएको मान्न सकिँदैन ।**
- **अन्तरदेशीय अपराधजन्य आयको रूपमा त्यो अवैध रकम संकलित भएको हुन सक्छ ।**
- **राजस्व एवं कर छलीका लागि औपचारिक बिलबीजकमा कम वा बढी जनाई बाँकी रकम नगदमा कारोबार गरी त्यसलाई 'हुन्डी' जस्ता माध्यमबाट स्थानान्तरण गर्न यस्तो रकम संकलन भएको हुन सक्छ ।**
- **अवैध विदेशी मुद्रा संकलन हुने अपराधको कारण पहिचान गरी त्यसलाई समूल नियन्त्रण नगरून्जेल यस्ता गतिविधि रोकिने सम्भावना रहँदैन ।**
- **बारम्बार एउटै व्यक्ति एकै प्रकारको घटनामा संलग्न भएको पाइनुले विगतमा रोगको उचित निदान भएर उपचार भएको मान्न सकिँदैन ।**
- **विदेशी मुद्राको तस्करीले देशको औपचारिक अर्थतन्त्रमा गम्भीर धक्का पुग्छ, अनौपचारिक अर्थतन्त्रको दबदबा हुन्छ र राज्यको आयमा ह्रास आउँछ ।**

वेयरहाउजिङमा लगानी : कोसेढुंगा

परियोजनाको अनुमानित लागत करीब रू १ अर्ब २० करोड ७ लाखमध्ये बैंकहरूले रू ८५ करोड बराबरको आवधिक कर्जा (निर्माण अवधिको ब्याजबाहेक) बढीमा ८०:२० को ऋण स्वपूँजी रहने गरी लगानी गर्नेछन् ।

- गणेशराज पोखरेल

वेयरहाउजिङ प्राइभेट लिमिटेडको तेस्रो पक्ष भण्डारण सेवा परियोजनाको हाम्रो देशको पूर्वाधार विकास र आर्थिक वृद्धिका लागि एक महत्त्वपूर्ण कोसेढुंगा साबित हुनेछ भन्ने मलाई विश्वास छ ।

उपाय वेयरहाउजिङ प्रालिको परियोजना बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका, नासिका स्थान, साँगामा नेपालमै पहिलोपटक तेस्रो पक्ष भण्डारण सेवा परियोजनाको रूपमा निर्माण हुँदै छ । यो परियोजना नेपालको भण्डारण र आपूर्ति व्यवस्थापनको क्षेत्रमा नयाँ मापदण्ड स्थापित गर्ने अठोटका साथ अगाडि बढाइएको हो । यसले हाम्रो व्यापारिक वातावरणलाई थप सहज र प्रभावकारी बनाउनेछ ।

यो परियोजनाले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउनुका साथै रोजगारीका अवसरहरू सृजना गर्नेछ । उपाय वेयरहाउजिङले निर्माण गर्न लागेको तेस्रो पक्ष भण्डारण सेवा आयोजनाका लागि सहवित्तीयकरणको अगुवाइ गरिदिन प्रवर्द्धकहरूले गरेको अनुरोध र विश्वासका लागि सञ्चालक समितिप्रति विशेष आभार व्यक्त गर्न चाहन्छु । साथै, यस सहवित्तीयकरणमा लगानी जुटाई एउटै टीम बनेर अघि बढ्नेगरी सहभागी बैंकले दर्शाएको प्रतिबद्धताको उच्च सम्मान गर्छु ।

यस परियोजनाको अनुमानित लागत करीब रू १ अर्ब २० करोड ७ लाखमध्ये बैंकहरूले रू. ८५ करोड बराबरको आवधिक कर्जा (निर्माण अवधिको ब्याजबाहेक) बढीमा ८० :२० को ऋण स्वपूँजी रहने गरी लगानी गर्नेछन् । यसमध्ये सिटिजन्स बैंक इन्टरनेशनल लि. बाट रू. ५० करोड र माछापुच्छ्रे बैंकबाट रू. ३५ करोड लगानी हुनेछ भने बाँकी स्वपूँजी प्रवर्द्धकहरूबाट जुटाइनेछ । परियोजना आगामी २ वर्षभित्र निर्माण सम्पन्न गरी भण्डारण सेवा गर्ने लक्ष्य रहेको छ ।

यो परियोजना नेपालको अर्थतन्त्रको विकासको लागि महत्त्वपूर्ण कदम हो । यसले हाम्रो देशको व्यापारिक गतिविधिलाई अझ सहज र प्रभावकारी बनाउनेछ ।

अब म उपाय वेयरहाउजिङले दिने सेवाहरूको बारेमा केही कुरा गर्न चाहन्छु । यस कम्पनीले स्टोरेज सेवा, सर्टिङ सेवा, प्याकेजिङ सेवा, लेबलिङ सेवा, डेलिभरी र रिभर्स लजिस्टिकजस्ता सेवा प्रदान गर्नेछ । यसले व्यवसायहरूको संचालनलाई सरल र प्रभावकारी बनाउनेछ । यसले कर्पोरेट होलसेल वेयरहाउजिङका लागि एक व्यापक वन-स्टप समाधान प्रदान गर्नेछ । यो सेवाले नेपालको व्यापारिक क्षेत्रमा नयाँ आयाम थप्नेछ ।

यो परियोजना नेपालको अर्थतन्त्रको विकासको लागि महत्त्वपूर्ण कदम हो । यसले हाम्रो देशको व्यापारिक गतिविधिलाई अझ सहज र प्रभावकारी बनाउनेछ । साथै, यसले स्थानीय स्तरमा रोजगारीका अवसरहरू सृजना गरी आर्थिक विकासमा योगदान पुऱ्याउनेछ ।

(उपाय वेयरहाउजिङ प्रालिका लागि सहवित्तीयकरणको नेतृत्व गरेका सिटिजन्स बैंकका प्रमुख कार्यकारी अधिकृत पोखरेलले हस्ताक्षर कार्यक्रममा दिएको मन्तव्यको सम्पादित अंश)

पाठक पत्र

अर्थतन्त्रमा समस्या कहाँ छ ?

नेपालको अर्थतन्त्र संकटमा छ भनिएको छ । घरजग्गाको कारोबार कम भएको छ । भाउ घट्यो भनेर हल्ला गरिएको छ तर किन्न गयो भने कतै पनि घटेको भाउमा जग्गा पाइँदैन । पहिलोका भाउमा बढाएर भन्ने र केही घटेको जस्तो देखाउने काम मात्रै भएको छ । व्यापार छैन भन्ने साहूहरूको गुनासो पाइन्छ । तर, सुन पसलदेखि नुन पसलसम्म भीड छ । युवा विदेशिएर समस्या भयो भन्छन् तर अस्पताल, विद्यालय, सडक जताततै भीडभाड देखिन्छ । आर्थिक गतिविधि घटेको भए काठमाडौं यो विधि सडक जाम किन बढिरहेको छ ? गाडीको संख्या बढ्को बढ्यै छ । राजधानी र मुख्य शहरहरूमा जनघनत्व बढिरहेको छ । पसलहरू खुल्ने क्रम बढिरहेकै छ । घरहरू थपिएकै छन् । यी सबै हुँदा अर्थतन्त्र चलायमान हुने होइन ? तर, अचम्म नेपालको अर्थतन्त्र संकटमा छ भनेको ५ वर्ष भइसकेको छ ।

कोरोनाअघि पनि नेपालको अर्थतन्त्र सही बाटोमा थिएन । अहिले आर्थिक उत्पादन कमजोर छ । सरकारले वितरणलाई उच्च प्राथमिकता दिने गरेको छ । त्यही कारण आमदानी अठन्नी खर्च रुपैयाँ वाला संस्कार सरकारहरूमा देखिन्छ । उत्पादनमूलक उद्योगमा लगानी छैन । भएका उद्योग पनि फाइदा भएन, चलेन भनेर रुवावासी गरिरहेका छन् । सरकारले निजीक्षेत्रको गुनासो सुनेन भनेर निजीक्षेत्रका संघसंगठन बताइरहेका छन् । सरकारले निजीक्षेत्रलाई मनपरी गर्न दियो, सरकारी स्रोत दोहन गर्न दियो, अझ आसेपासेवादलाई मलजल गऱ्यो भन्ने आरोप पनि उत्तिकै लागेको छ । बिग्रिएको के हो र सपार्नुपर्ने के हो भन्ने कुराचाहिँ स्पष्टसँग कसैबाट पनि आएको देखिँदैन । सरकारको आलोचना र विरोध गर्नचाहिँ सबै खप्पिस देखिएका छन् । सत्तामा बस्दा केही नगर्ने, सचिव हुँदा सिन्का नभाँच्ने नेता र कर्मचारीबाहिर निस्किएपछि सुझाव दिन र आलोचना गर्न एक नम्बरमा देखिएका छन् ।

जनतामा असन्तुष्टि छ । त्यो असन्तुष्टिलाई सम्बोधन गर्न सरकारले सुधारलाई तीव्रता दिनुपर्छ । अन्य पक्षले पनि सटीक सुझाव दिनुपर्छ । तर, नेपालमा मौका यही हो भन्दै सरकारको उछित्तो काढेर आफूलाई ठूलो देखाउन लागिपरेका छन् । यसलाई रचनात्मक आलोचना भन्न मिल्दैन । यस्ता कुरामा सुधार नगर्ने र आलोचना मात्रै गरिरहने हो भने मुलुक कहिल्यै अघि बढ्दैन । अर्थतन्त्रले कहिल्यै गति लिँदैन । न लगानी बढ्छ न त उत्पादन नै बढ्छ । अनि विप्रेषण ल्यायो, त्यही विप्रेषण विदेश पठाएर सामान ल्यायो, खायो बस्यो । यस्तै अन्योल रहिरहने देखिन्छ । यसलाई सुधार्ने हिम्मतवाला र दूरदृष्टिवाला सही नेता नेपालले कहिल्यै पाउला ?

अमीर खड्का
बालाजु, काठमाडौं ।

को हुन् नेप्सेमा नवनियुक्त सीईओ लुइँटेल ?

काठमाडौं (अस) । नेपाल स्टक एक्सचेन्ज (नेप्से) को प्रमुख कार्यकारी अधिकृत (सीईओ) मा नारदकुमार लुइँटेल नियुक्त भएका छन् । सोमवारको मन्त्रिपरिषद् बैठकले सर्टलिस्टमा परेका पाँच जना आवेदकमध्येका एक लुइँटेललाई सीईओ नियुक्त गर्ने निर्णय गरेको हो । नेप्सेमा सीईओ पद माघ २५ देखि रिक्त थियो ।

यो पदका लागि लुइँटेल, नेप्सेका पूर्वसीईओ कृष्णबहादुर कार्की र सिडिएस एन्ड क्लियरिङ लिमिटेडका पूर्वप्रमुख कार्यकारी अधिकृत पूर्णप्रसाद आचार्यलगायत १० जनाको आवेदन परेको थियो । आचार्य अन्तिम पाँच जनाको सर्टलिस्टमा समेत परेका थिए । लुइँटेललाई धितोपत्र बजारको विषयमा कम जानकारी रहेको बताइन्छ । यसअघि विभिन्न क्षेत्रमा नेतृत्व तहमै बसेर काम गरे पनि धितोपत्र बजारबारे उनलाई गहिरो जानकारी नभएको लुइँटेलनिकट स्रोतले बतायो ।

लुइँटेललाई २०७८ फागुन १५ गते तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले ४ वर्षका लागि तारागाउँ विकास समितिको सदस्यसचिव नियुक्त गरेका थिए । यसबाहेक लुइँटेलसँग लामो समय पर्यटन व्यवसायमा काम गरेको अनुभव रहेको बुझिन्छ । उनी नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठान (नाथम) को कार्यकारी निर्देशक पनि भएका थिए । सुदन किराती पर्यटनमन्त्री भएको बेला उनी करीब ७ महीना नाथमको कार्यकारी निर्देशक भएका थिए ।

सर्लाहीको हरिवन स्थायी घर भएका ४५ वर्षीय लुइँटेलले त्रिभुवन विश्वविद्यालयबाट वाणिज्य विषयमा स्नातकोत्तर गरेका छन् ।

नेप्सेको सीईओ पदका लागि अर्थशास्त्र, वाणिज्यशास्त्र, वित्तशास्त्र, व्यवस्थापन सूचनाप्रविधि वा वाणिज्य वा कानून विषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउन्टेन्सी गरेको हुनुपर्ने व्यवस्था छ । पूँजी बजार वा वित्तीय क्षेत्र वा व्यवस्थापनसम्बन्धी कार्यमा कम्तीमा

७ वर्ष उच्च व्यवस्थापकीय तहमा काम गरेको अनुभवसहित कम्तीमा १५ वर्षको कार्य अनुभव भएका व्यक्ति नेप्सेको सीईओ बन्न सक्ने व्यवस्था कार्यविधिमा छ । तर, धितोपत्रको क्षेत्रमा उनको कार्यानुभव न्यून छ ।

नेप्सेका कर्मचारीहरूले धितोपत्र बजार र यससँग जोडिएका प्राविधिक विषयमा जानकार व्यक्ति सीईओ हुनुपर्ने माग गरेका थिए । अनुभव नभएका व्यक्ति सीईओ भएर आउँदा कार्यसम्पादनमा निकै असर परेको अनुभव नेप्सेका एक कर्मचारीले सुनाए ।

अन्तरराष्ट्रिय अभ्यासलाई नेपालको धितोपत्र बजारमा समेत कार्यान्वयन गराउने पहल भइरहेको अवस्थामा यो विषयमा जानकारी नै नभएका सीईओले भोलिका दिनमा कसरी जिम्मेवारी पूरा गर्ला भन्ने चिन्तामा यतिबेला नेप्सेका कर्मचारी छन् । नेप्सेको सीईओ नियुक्तिका लागि अर्थ मन्त्रालयका सहसचिव सेवन्तक पोखरेलको संयोजकत्वमा तीन सदस्यीय समिति गठन भएको थियो । उक्त समितिमा अर्का सहसचिव अमृत लम्साल र विज्ञ सदस्य डा. खोमराज खरेल सदस्य थिए । नेप्सेका पूर्वसीईओ कृष्णबहादुर कार्की माघ २५ गतेदेखि बिदा भएसँगै निमित्त प्रमुखको जिम्मेवारी नेप्सेका प्रबन्धक निरञ्जन फुयालले सम्हालिरहेका थिए ।

जलविद्युत्मा निजीक्षेत्रको दुई तिहाइ लगानी

कसको कति लगानी (सन् २०१५-२०२४)		
लगानीकर्ता	वार्षिक लगानी	लगानीको क्षेत्र
निजीक्षेत्र	रू. २७ अर्ब ५७ करोड	जलविद्युत् उत्पादन र लक्षित प्रसारण लाइन
नेपाल विद्युत् प्राधिकरण र यसका सहायक कम्पनीहरू	रू. १२ अर्ब ८२ करोड	जलविद्युत् उत्पादन, प्रसारण लाइन र वितरण लाइन

काठमाडौं (अस) । विगत ९ वर्षमा नेपालको सरकारी तथा निजीक्षेत्रबाट जलविद्युत् क्षेत्रमा प्रतिवर्ष औसत २९ करोड ३० लाख अमेरिकी डलर (४० अर्ब ३९ करोड रुपैयाँ) को दरमा लगानी भएको विश्व बैंकले बताएको छ । यसको अर्थ सन् २०१५ देखि सन् २०२४ सम्म ३ खर्ब ६३ अर्ब रुपैयाँभन्दा बढी लगानी भएको देखिन्छ । विश्व बैंकले सोमवार सार्वजनिक गरेको 'नेपाल देशगत आर्थिक परिदृश्य : नेपालमा आर्थिक वृद्धिको सम्भावना उजागर' नामक प्रतिवेदनअनुसार मूलतः निजीक्षेत्रबाट दुई तिहाइभन्दा बढी लगानी भएको छ ।

सरकारी निकाय नेपाल विद्युत् प्राधिकरण र यसका सहायक कम्पनीहरूको ३१ प्रतिशत हाराहारी लगानी रहेको प्रतिवेदनमा उल्लेख छ । निजीक्षेत्रले मूलतः निर्माण, स्वामित्व ग्रहण, सञ्चालन र स्थानान्तरण (बुट) अन्तर्गत लगानी गरेको छ । प्राधिकरण र निजी लगानीकर्ता दुवैले बैंकिङ तथा गैरबैंकिङ वित्तीय संस्थाबाट

सरकारी निकाय नेपाल विद्युत् प्राधिकरण र यसका सहायक कम्पनीहरूको ३१ प्रतिशत हाराहारी लगानी रहेको प्रतिवेदनमा उल्लेख छ ।

कर्जा लिएर जलविद्युत्मा लगानी गरेका छन् । प्राधिकरणले कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, नेपाल टेलिकम र राष्ट्रिय बीमा संस्थानजस्ता सरकारी निकायबाट स्रोत जुटाएको छ भने निजीक्षेत्रले स्वदेशी तथा विदेशी वित्तीय संस्था र बहुपक्षीय दाताबाट स्रोत ल्याएको छ ।

निजीक्षेत्रका लगानीकर्ता स्रोत जुटाउन देशको पूँजीबजारमा पनि निकै भर परेका छन् । एक दशकअघि २७ ओटा जलविद्युत् कम्पनी नेपाल स्टक एक्सचेन्जमा दर्ता भएकोमा सन् २०२४ को अन्त्यसम्म यो संख्या ९१ पुगेको प्रतिवेदनमा उल्लेख छ ।

दैनिक २०० लिटर दूध बेचेर किसान पुरस्कृत

डुम्रे (तनहुँ) । व्यास नगरपालिका-१३, बेलबासका लेखनाथ बाँस्तोला धेरै दूध उत्पादन गरेबापत पुरस्कृत भएका छन् । उनले प्रोत्साहनस्वरुप १ लाख ५० हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका हुन् । उनले गण्डकी प्रदेशको 'उत्पादनमा आधारित अनुदान कार्यक्रम'अन्तर्गत पुरस्कार प्राप्त गरेपछि गौरवान्वित महसुस गरेको प्रतिक्रिया दिए ।

पाँच वर्षदेखि कृषि पेशामा संलग्न बाँस्तोलाले यातायात व्यवसाय छाडेर व्यावसायिक रूपमा गाई र बाखापालन गरेका छन् । उनले कोभिड १९ का बेला लामो समयसम्म बन्दाबन्दी भएपछि गाउँ फर्किएर पशुपालन शुरू गरेका थिए ।

उनका फार्ममा हाल उन्नत प्रजातिका २२ ओटा जर्सी तथा होलिस्टिन जातका गाई छन् । तीमध्ये १५ लैना गाईबाट दैनिक २०० लिटर दूध उत्पादन गरी मासिक ४ लाखको बिक्री गर्ने गरेको बाँस्तोलाले बताए ।

गाउँकै बेलबास दुग्ध उत्पादक सहकारीमा दूध बिक्री गरेर खर्च कटाएर मासिक २ लाख नाफा हुने गरेको उनले बताए । बाँस्तोला भन्छन्, 'उत्पादनमा आधारित अनुदानअन्तर्गत पुरस्कार पाएपछि पेशाप्रति गौरव महसुस भएको छ ।' यातायात व्यवसायभन्दा गाईपालनबाट सन्तुष्टि मिलेको बाँस्तोलाको भनाइ छ । बेलबास दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष केशवबहादुर रानाले उनी गाउँमा सबैभन्दा धेरै दूध उत्पादन गर्ने किसान भएको बताए । *रासस*

बाँकी पृष्ठ १ बाट ...

नेपालमै हुन्डाईको ...

हुन्डाईले नेपालमा सन् २०१५ मा क्रेटा बिक्री शुरू गरेको थियो । आकर्षक डिजाइन, उत्कृष्ट प्रदर्शन, हरेक भूभागमा मजाले गुड्न सक्ने र प्रायः हरेक उमेरका ग्राहक वर्गलाई सुहाउने भएकाले क्रेटा मिड साइज एसयूभी सेगमेन्टमा १० हजारभन्दा धेरै ग्राहकको रोजाइ र यात्राको साथी बन्न सफल भएको कम्पनीको दाबी छ । 'हुन्डाई नेपालले विद्युतीय सवारीको इकोसिस्टम विकासमा पनि अगाडि बढ्दै नयाँ पहिचानको डीसी चार्जर नेटवर्क निर्माण गरिरहेको छ, जसमा रिपेयर सप पनि समाहित हुनेछन्, जसले चार्जिङ सुविधा थप प्रभावकारी बनाउनेछ,' कम्पनीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'यसैगरी ब्याट्री रिसाइक्लिङ र रिसिड्युअल भ्यालु म्यानेजमेन्टका लागि अटेरो इन्डियासँग सहकार्य गर्दै स्थायित्वमा ध्यान दिइएको छ, यसका लाभ ग्राहकले पाउनेछन् ।'

दिपायल सिलगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिलगढी,डोटी

बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/१२/१३)

यस कार्यालय अन्तर्गत तपिशल उल्लेखित कार्यका लागि बोलपत्र आह्वान गर्नु पर्ने भएकोले निम्न कार्यको लागि यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन २०८२/०१/१२ गतेको १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

S.N	Contract No	Description of Work	Estimated amount (Excluding VAT and contingencies)	Bid security	Bid security Cost of bidding document	Last date and time of bid submission
१.	NCB/DSNP/WORKS/05/081/082	मगलेख मा.वि पर्खाल निर्माण	२१,१६,२६३.५२/-	५३,०००/- (अक्षरेपी त्रिपन्न हजार मात्र)	३,०००/- (अक्षरेपी तिन हजार मात्र)	२०८२/०१/१२ दिउसो १२:०० बजे

प्रमुख प्रशासकीय अधिकृत

Kaligandaki Rural Municipality
Office of the Rural Municipal Executive
Birgha, Syangja

Invitation for Online Bids

Date of publication: March 26, 2025 (Chaitra 13, 2081)

1. Kaligandaki Rural Municipality, Syangja invites **electronic bids** from eligible bidders for following works:

S.N.	Contract No.	Name of contract	Bid Security Amount (validity period)	Bid fee	Estimated Cost (without VAT & without PS)	Bid submission deadline: Date and time
1	KLGD/W/SQ/HCR/01/081/082	Upgrading of Hatiya Chiuribot Rural Road (Second Package)	50,000 (75 days)	1000	1,727,605.99	April 10, 2025 at 12:00 PM April 10, 2025 at 1:00 PM (opening date and time)

2. Eligible bidders may obtain further info and inspect the bidding document at the office of Kaligandaki Rural Municipality or may Visit PPMO website www.bolpatra.gov.np/egp

गुराँस लघुवित्त वित्तीय संस्था लि.
कर्पोरेट कार्यालय बुढीगंगा १, पुष्पलालचौक, मोरङ ।
फोन नं. ०२१-४६४४५३

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति : २०८१/१२/१३)

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको लघुवित्त वित्तीय संस्थाको इजाजतपत्रप्राप्त कोशी प्रदेश स्तरीय यस गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको लागि तपसिल बमोजिमको रिक्त पदहरु स्थायी रुपमा पूर्ति गर्नुपर्ने भएको हुँदा यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (२०८१ चैत्र २७ गते कार्यालय समय भित्र) इच्छुक नेपाली नागरिकले दरखास्त दिनुहुन आव्हान गरिन्छ ।

१. **विज्ञापन नं., पद, श्रेणी, न्यूनतम शैक्षिक योग्यता र अनुभव :**

क्र.सं.	विज्ञापन नं.	पद	श्रेणी	संख्या	न्यूनतम शैक्षिक योग्यता	अनुभव
१	१४/२०८१/८२	कनिष्ठ अधिकृत	अधिकृत	२	मान्यता प्राप्त शिक्षण संस्था/बोर्डबाट व्यवस्थापन विषयमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।	लघुवित्त क्षेत्रमा एक तह मुनिको पदमा कम्तिमा ३ वर्षको कार्यानुभव भएको ।
२	१५/२०८१/८२	सुपरभाइजर	सहायक	१	मान्यता प्राप्त शिक्षण संस्था/बोर्डबाट व्यवस्थापन विषयमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।	लघुवित्त क्षेत्रमा एक तह मुनिको पदमा कम्तिमा २ वर्षको कार्यानुभव भएको ।
३	१६/२०८१/८२	सहायक	सहायक	केही	मान्यता प्राप्त शिक्षण संस्था/बोर्डबाट व्यवस्थापन विषयमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।	लघुवित्त क्षेत्रमा एक तह मुनिको पदमा कम्तिमा १ वर्षको कार्यानुभव भएको ।
४	१७/२०८१/८२	कनिष्ठ सहायक	सहायक	केही	मान्यता प्राप्त शिक्षण संस्था/बोर्डबाट प्रविणता प्रमाणपत्र तह/प्लस टु वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।	लघुवित्त क्षेत्रमा फिल्ड कार्यक्रम संचालनमा कम्तिमा १ वर्षको कार्यानुभव भएको ।
५	१८/२०८१/८२	कनिष्ठ सहायक प्रशिक्षार्थी (तालिमे)	सहायक	केही	मान्यता प्राप्त शिक्षण संस्था/बोर्डबाट प्रविणता प्रमाणपत्र तह/प्लस टु वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।	

२. **परीक्षाको किसिम** : अन्तरवार्ता ।
३. **उमेरको हद** : दरखास्त दिने अन्तिम मितिमा अधिकृत श्रेणीको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको र सहायक श्रेणीको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ । तर महिला उम्मेदवारको हकमा माथिल्लो उमेरको हद ५ वर्ष थप गरिएको छ ।
४. **विशेष प्राथमिकता** : सवारी साधन (मोटरसाइकल/स्कुटी) अनुमतीपत्र भएका, **Result Oriented**, हिमाली तथा ग्रामिण क्षेत्रका विपन्न वर्गहरुसँग काम गर्न रुचाउने उम्मेदवारलाई विशेष प्राथमिकता दिइनेछ ।
५. **परीक्षा दस्तुर** : अधिकृत श्रेणीको हकमा रु.५०० र सहायक श्रेणीको हकमा रु. ३००/- अन्तरवार्ता परीक्षामा सामेल हुने समयमा नगदै बुझाउनु पर्नेछ ।
६. **काम गर्नु पर्ने कार्यालय** : छनौट भएका उम्मेदवारहरुले वित्तीय संस्थाले खटाएको जुनसुकै कार्यालयमा रही काम गर्नुपर्नेछ ।
७. **दरखास्त फाराम भर्ने तथा बुझाउने** : दरखास्त फाराम वित्तीय संस्थाको वेवसाइट **www.guranslaghubitta.com.np** को **career** भित्र रहेको **Application Form** डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । उक्त फाराम भरी सोही फारामसाथ नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता र अनुभवका प्रमाण पत्रको प्रतिलिपिहरु र सवारी साधन अनुमती पत्रको प्रतिलिपिहरुको एउटै PDF फाइल तयार गरी संस्थाको इमेल **vacancygurans@gmail.com** मा इमेल मार्फत वा वित्तीय संस्थाको कर्पोरेट कार्यालय पुष्पलालचौक मोरङ, शाखा कार्यालय धनकुटा (सम्पर्क नं. ९८०२७५१३७७), शाखा मुढेशनिश्चरे, संखुवासभा (सम्पर्क नं. ९८०२७५१३८१), शाखा जिरीखिम्ती, तेह्रथुम (सम्पर्क नं. ९८०२७५१३८२), शाखा भोजपुर (सम्पर्क नं. ९८०२७२६०६४), शाखा ताप्लेजुङ्ग (सम्पर्क नं. ९८०२७५१३८५), शाखा कार्यालय जोरपोखरी, पाँचथर (सम्पर्क नं.९८०२७५१३८४), शाखा कार्यालय राँके पाँचथर (सम्पर्क नं. ९८०२७५१३८३), शाखा कार्यालय नयाँबजार, इलाम (सम्पर्क नं. ९८०२७५१३८६), शाखा कार्यालय रामपुर, ओखलढुङ्गा (सम्पर्क नं.९८०२७५१३९७), शाखा कार्यालय दिक्तेल खोटाङ्ग (सम्पर्क नं.९७०९०२४४८४), शाखा कार्यालय राजावास, उदयपुर (सम्पर्क नं. ९८०२७५१३६१) र शाखा कार्यालय दमक, झापा (सम्पर्क नं.९८०२७५१३६०) मा बुझाउन सकिनेछ ।
८. **छनौट प्रक्रिया** : प्राप्त आवेदनहरु नियमानुसार छानबिन गरी छनौट सूची तयार गरिनेछ । कनिष्ठ सहायक प्रशिक्षार्थी (तालिमे) पदका उम्मेदवारहरु फिल्ड अवधारण कार्यक्रममा सहभागी हुनुपर्नेछ । छनौट सूचीमा परेका उम्मेदवारहरुलाई अन्तरवार्ता हुने मिति, समय र स्थान सम्बन्धमा वित्तीय संस्थाको सूचना पाटीमा सूचना प्रकाशन गरी जानकारी गराईनेछ । कनिष्ठ अधिकृत, सुपरभाईजर, सहायक र कनिष्ठ सहायक पदका सफल उम्मेदवारलाई परीक्षणकालमा र कनिष्ठ सहायक प्रशिक्षार्थी पदमा सफल उम्मेदवारलाई प्रशिक्षणमा नियुक्त गरिनेछ । परीक्षणकाल/प्रशिक्षणमा नियुक्त कर्मचारीको परीक्षण/प्रशिक्षणकालमा कार्यसम्पादन संतोषजनक भएमा मात्र स्थायी नियुक्ति दिइनेछ ।
१०. **अन्य कुराहरु** : वित्तीय संस्थाको विनियमावली र पदपूर्ति समितिको निर्णय बमोजिम हुनेछ ।

पदपूर्ति समिति
गुराँस लघुवित्त वित्तीय संस्था लि.
Website: - www.guranslaghubitta.com.np

डिभिजन सहकारी कार्यालय, काठमाडौं द.नं १४२४/०६४/६५, पान नं ३०२८९०२५७
पुष्कर बचत तथा ऋण सहकारी संस्था लिमिटेड
का.म.पा.-३२, काठमाण्डौं, फोन नं.०१-५१५६१२३,
Email : puspkarsaving@gmail.com

कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना !

(प्रकाशित मिति २०८१/१२/१३)

यस सहकारी संस्थाबाट विभिन्न मितिमा तपाईले कर्जा सुविधा लिई समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र हर्जना रकम नबुझाई अटेर गरी बसेको हुनाले कर्जा तिर्न बुझाउनका निम्ति अन्तिम पटक यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तपाईले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम नबुझाएमा प्रचलित कानून बमोजिम ऋणी तथा धन जमानी बस्ने व्यक्तिहरुको हक लाग्ने चल-अचल सम्पत्तिबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

ऋणीको विवरण	जमानीको विवरण
ऋणीको नाम : अलका गुरुङ्ग बाबुः राजेन्द्र सिंह ससुरा : रन बहादुर गुरुङ पति : रवि कुमार गुरुङ ना.प्र.नं. १०२३/७९, जारी मिति २०६७/०१/०८, मकवानपुर ठेगाना : हेटौडा-९, मकवानपुर ।	नाम : रवि कुमार गुरुङ बाबु : रन बहादुर गुरुङ बाजे : ओम बहादुर गुरुङ ना.प्र.नं. २४/५७२,जारी मिति : २०५७/०४/२४, मकवानपुर ठेगाना : हेटौडा-९, मकवानपुर
नाम : रवि कुमार गुरुङ बाबु : रन बहादुर गुरुङ बाजे : ओम बहादुर गुरुङ ना.प्र.नं. २४/५७२,जारी मिति : २०५७/०४/२४, मकवानपुर ठेगाना : हेटौडा-९, मकवानपुर	ऋणीको नाम : अलका गुरुङ्ग बाबुः राजेन्द्र सिंह ससुरा : रन बहादुर गुरुङ पति : रवि कुमार गुरुङ ना.प्र.नं. १०२३/७९, जारी मिति २०६७/०१/०८, मकवानपुर ठेगाना : हेटौडा-९, मकवानपुर ।
ऋणीको नाम : श्री देव चन्द्र राई बाबु : निर बहादुर राई बाजे : लाल बहादुर राई पत्नी : रोजिना राई ना.प्र.नं.५९४८, जारी मितिः २०६३/०२/१५, खोटाङ ठेगाना : खार्तम्छा-२, खोटाङ ।	नाम : अञ्जनी अधिकारी बाबु : भुमिराज अधिकारी बाजे : लक्ष्मण अधिकारी श्रीमती : ममता अधिकारी ना.प्र.नं.३८२८१/४०२८१, जारी मिति : २०५३/१०/१३, सुनसरी
ऋणीको नाम : दिपेन्द्र सिंह अमात्य बाबु : मदन सिंह अमात्य बाजे : जनकमान सिंह अमात्य पत्नी : महालक्ष्मी कुमारी श्रेष्ठ ना.प्र.नं.२६२४, जारी मिति २०४४/११/१८, सिराहा ठेगाना : निर्दना -४, सिराहा ।	नाम : महालक्ष्मी कुमारी श्रेष्ठ बुबा : आनन्द बहादुर मिश्र बाजे : श्रीमान : दिपेन्द्र सिंह अमात्य ना.प्र.नं. : ....., जारी मिति : २०५२/०८/२६
ऋणीको नाम : मुकुन्द खतिवडा बाबुः हरि प्रसाद खतिवडा बाजे : राम प्रसाद खतिवडा पत्नी : अर्चना खतिवडा ना.प्र.नं. १०६७८/१३६७८, जारी मितिः २०४७/०४/०१, सुनसरी ठेगानाः इनरुवा-२, सुनसरी ।	नाम : बिदुर वन बाबु : कृष्ण बहादुर वन बाजे : इन्द्र बहादुर वन श्रीमती : उर्मिला वन ठेगाना : मध्यपुर ठिमी-९, भक्तपुर ।
ऋणीको नाम : मनोज बिष्ट बाबु : बल बहादुर बिष्ट बाजे : रुद्र बहादुर बिष्ट पत्नी : जानुका बिष्ट ना.प्र.नं. : १४४२/५९४०, जारी मिति : २०५५/०७/१५, काठमाण्डौं ठेगाना : कीर्तिपुर -७, काठमाण्डौं	नाम : कृष्ण धिताल बाबु : रविलाल धिताल बाजे : तारानाथ धिताल पत्नी : प्रमिला अर्याल धिताल ना.प्र.नं. २८७४४/११२९००, जारी मिति : २०५९/०४/२६ सिन्धुपाल्चोक ठेगाना : सानो शिरुबारी-३, सिन्धुपाल्चोक ।
ऋणीको नाम : सुरेश देव पाठक बाबु : खुष्म देव पाठक बाजेः सुक देव पाठक पत्नी : अनुजा अधिकारी ना.प्र.नं.३४३३०, जारी मितिः २०६३/०९/२७, चितवन ठेगाना : भण्डारा-६, चितवन ।	नाम : अनुजा अधिकारी बुबा : पुरुषोत्तम अधिकारी बाजे : भिम प्रसाद अधिकारी ना.प्र.नं. : ०६१०४२/१२८४२७, जारी मिति : २०६५/०५/११ ठेगाना : महेन्द्रनगर-८, सुनसरी ।
ऋणीको नाम : मुनिसकुमार नायक बाबु : भुवनेश्वर नायक बाजे : बिन्देश्वर नायक साह सुडी पत्नी : गौरी देवी नायक ना.प्र.नं. : १६१०३९/५८, जारी मिति : २०६४/०५/३० सप्तरी स्थायी ठेगाना : मल्हानिया-१, सप्तरी ।	नाम : मान बहादुर श्रेष्ठ बाबु : मति लाल श्रेष्ठ बाजे : जितलाल श्रेष्ठ पत्नी : पार्वती श्रेष्ठ ना.प्र.नं. २४३०१८/७३८ जारी मिति : २०६३/११/२३, सिन्धुपाल्चोक ठेगाना : तौथली-८, सिन्धुपाल्चोक
ऋणीको नाम : गौरी देवी नायक बाबु : रामचन्द्र नायक बाजे : भुवनेश्वर नायक ना.प्र.नं. १६-०१-७३-०१२६५ जारी मिति २०७३/०१/३१, सप्तरी स्थायी ठेगाना : मल्हानिया-१, सप्तरी ।	नाम : संगीता चौलागाई बाबु : कृष्ण बहादुर चौलागाई बाजे : ओम बहादुर चौलागाई पति : रमेश कुमार सिन्हा ना.प्र.नं. २४-०-७०-०६४३५ सिन्धुपाल्चोक ठेगाना : सिपा पोखरी-२, सिन्धुपाल्चोक
ऋणीको नाम : सुधा श्रेष्ठ बाबु : द्धारिका प्रसाद प्रधान बाजे : काशी प्रसाद प्रधान पति : रेवति प्रसाद श्रेष्ठ ना.प्रा.नं. २९४०/४२६१ जारी मिति : २०४०/१२/१५ दाङ स्थायी ठेगाना : घोराही उपमहानगरपालिका -८, दाङ	

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित (शेयरमा सिमित दायित्व भएको)

नेको इन्स्युरेन्स लि.
Neco Insurance Ltd.

का.म.न.पा. वडा नं.३०, ज्ञानेश्वर, काठमाण्डौ, फोन ०१-४५४२२६३
इमेल: info@neco.com.np, वेवसाइट: www.neco.com.np
को

हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

नेको इन्सुरेन्स लिमिटेडको हकप्रद शेयर निष्काशन प्रयोजनको लागि शेयरधनी दर्ता किताब (दाखिल खारेज) बन्द गरेको मिति २०८१/१०/१८ गते भन्दा अघिल्लो कारोबार दिनसम्म कायम साविक शेयरधनीहरूका लागि चुक्ता पूँजी रू.२,०१,२३,६०,६१९/- (अक्षरेपी दुई अर्व एक करोड तेईस लाख साठ्ठी हजार छ सय उन्नाइस मात्र) को २५% (विद्यमान ४ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको अनुपात) ले हुन आउने प्रति शेयर अंकित मूल्य रू.१००/- दरको ५०,३०,९०१५५ कित्ता हकप्रद शेयरहरू मिति २०८१/११/०८ गतेका दिन देखि २०८१/१२/१४ गतेसम्म निष्काशन तथा बिक्री खुल्ला गरिने व्यवस्था रहेकोले उक्त हकप्रद शेयरको लागि आवेदन दिन

अब २ कार्य दिन मात्र बाँकी

आवेदन दिने अन्तिम म्याद:
मिति २०८१ चैत्र १४ गते (बैंकिङ्ग समय) सम्ममात्र

अन्य विस्तृत जानकारीको लागि **मिति २०८१/१०/२० गतेको "आर्थिक अभियान"** राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं। साथै उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.sanima.capital वा निष्काशनकर्ता कम्पनीको वेभसाइट www.neco.com.np मा समेत हेर्नुहुन अनुरोध गर्दछौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:
SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)
रजिस्टर्ड कार्यालय: सम मार्ग, नक्साल-१, काठमाण्डौ ।
फोन नं. ०१-४५४०५०८, ०१-४५३६३७५, ०१-४५३५९३६
Email: sanimacapital@sanimabank.com Website: www.sanima.capital

सम्पदा लघुवित्तले बोलायो साधारणसभा

काठमाडौं (अस) । सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेडले वैशाख ६ गते आठौं वार्षिक साधारणसभा बोलाएको छ । चैत ६ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले तनहुँको बन्दीपुरस्थित मर्स्याङ्दी रिभर भ्यू रिसोर्टमा बिहान ११ बजे सभा गर्ने निर्णय गरेको हो ।

सभाले गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षका लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय टुंग्याउनेछ ।

एक जना महिला सञ्चालक सहित सात जना सञ्चालकहरूमध्ये संस्थापकतर्फबाट चार जना र सर्वसाधारणतर्फबाट दुई जना सञ्चालक निर्वाचन समेत सभाले गर्नेछ । साथै कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्ने प्रस्ताव गरेको कम्पनीले सोही बमोजिम हुने गरी कम्पनीको नियमावली संशोधन तथा थप गर्ने प्रस्ताव पनि पारित गर्नेछ ।

अन्य कुनै लघुवित्त वित्तीय संस्थासँग मर्जर तथा प्राप्ति प्रक्रियामा जाने संकेत गरेको कम्पनीले त्यसका लागि सम्पूर्ण जिम्मेवारी सञ्चालक समितिलाई दिने निर्णय सभामार्फत गर्नेछ ।

साधारणसभा प्रयोजनका लागि कम्पनीले चैत २६ गते एक दिन बुक क्लोज गर्न लागेको छ। बुक क्लोजको आधारमा चैत २५ गतेसम्म कायम शेयरधनीहरू मात्र सभामा भाग लिन सक्नेछन् ।

जीवन बीमा कम्पनीहरूको व्यापार बढ्यो

अभियान संवाददाता

काठमाडौं

नेपालमा सञ्चालित जीवन बीमा कम्पनीहरूले चालू आर्थिक वर्ष (आव)को फागुन मसान्तसम्ममा कुल रू. १ खर्ब ८ अर्ब ७१ करोड बराबरको बीमा शुल्क आर्जन गरेका छन् ।

नेपाल बीमा प्राधिकरणले सार्वजनिक गरेको विवरणअनुसार सञ्चालनमा रहेका १४ जीवन बीमा कम्पनीहरूको व्यवसाय गत आवको सोही अवधिको तुलनामा १० दशमलव ३३ प्रतिशतले बढेको छ । कम्पनीहरूले गत आवको यस अवधिमा कुल रू. ९८ अर्ब ५३ करोड बराबरको बीमा शुल्क आर्जन गरेका थिए ।

१४ जीवन बीमा कम्पनीमध्ये राष्ट्रिय जीवन बीमा कम्पनी बाहेक अन्यको बीमा शुल्क संकलन बढेको छ। राष्ट्रिय जीवन बीमा कम्पनीले गत आवको फागुन मसान्तसम्ममा रू. ५ अर्ब २३ करोड बीमा शुल्क आर्जन गरेकोमा चालू आवको फागुन मसान्तमा रू. ४ अर्ब ४७ करोड बीमा शुल्क आर्जन गरेको हो ।

सर्वाधिक बीमा शुल्क आर्जन गर्नेमा नेपाल लाइफ इन्स्योरेन्स कम्पनी छ । कम्पनीले चालू आवको फागुन मसान्तसम्ममा रू. २९ अर्ब ३९ करोड बीमा शुल्क आर्जन गरेको छ । यो बीमा शुल्क गत आवको यसै अवधिको तुलनामा ११ दशमलव ७८ प्रतिशत बढी हो। गत आवमा कम्पनीले रू. २६ अर्ब ३० करोड बीमा शुल्क आर्जन गरेको थियो ।

सर्वाधिक बीमा शुल्क आर्जन गर्नेको सूचीको दोस्रोमा नेशनल लाइफ इन्स्योरेन्स कम्पनी छ । कम्पनीले रू. १३ अर्ब ६२ करोड बीमा शुल्क आर्जन गरेको छ ।

जीवन बीमा कम्पनीको नाम	फागुन मसान्तसम्मको कुल बीमा शुल्क रू. लाखमा		घटबढ प्रतिशत
	चालू आव	गत आव	
नेपाल लाइफ	२९३,९८९.३९	२६३,०००.३०	११.७८
नेशनल लाइफ	१३६,२८४.५७	११५,६१८.९५	१७.८७
लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल)	१२५,६०५.३१	११५,७७९.२९	८.४९
हिमालयन लाइफ	११२,२२७.५२	१११,८०२.०६	०.३८
सूर्यज्योति लाइफ	६६,९५०.०९	५७,०८२.३०	१७.२९
एशियन लाइफ	५६,९८२.७६	५१,५८७.२३	१०.४६
सिटिजन लाइफ	४४,९००.४१	३७,२८३.७७	२०.४३
राष्ट्रिय जीवन बीमा कम्पनी	४४,७९३.४०	५२,३०७.८६	-१४.३७
सानिमा रिलायन्स लाइफ	४२,९२६.७८	३८,०३७.००	१२.८६
मेट लाइफ	३८,८०९.२१	३६,३३७.०७	६.८०
आईएमई लाइफ	३२,८७८.२५	२८,२६५.४०	१६.३२
प्रभु महालक्ष्मी लाइफ	३१,९७६.६७	२७,१८३.३०	१७.६३
रिलायबल नेपाल लाइफ	३१,७५९.७१	२६,३२१.५०	२०.६६
सन नेपाल लाइफ	२७,०२९.५८	२४,७१०.६९	९.३८
कुल	१,०८७,११३.६६	९८५,३१६.७२	१०.३३

स्रोतः नेपाल बीमा प्राधिकरण

ओम मेगाश्री फर्मास्यूटिकल्सको आईपीओ बाँडफाँट

काठमाडौं (अस) । ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेडले सर्वसाधारणका लागि सार्वजनिक निष्कासन गरेको आईपीओ बाँडफाँट गरेको छ ।

कम्पनीले फागुन २७ देखि चैत ३ गतेसम्म सार्वजनिक निष्कासन गरेको १४ लाख ७६ हजार कित्ता आईपीओ चैत १२ गते बाँडफाँट गरेको हो । विक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेडको कार्यालय कमलादी, काठमाडौंमा भएको बाँडफाँटमा १ लाख ४७ हजार ६०० जना आवेदकहरूले १० कित्ताका दरले आईपीओ प्राप्त गरेका छन् ।

विक्री प्रबन्धकका अनुसार कम्पनीको आईपीओमा २० लाख ५६ हजार ५७६ जनाले आवेदन दिएका थिए । यीमध्ये १८ लाख ४८ हजार २९८ जना आवेदकको आवेदन मात्र रीतपूर्वक भएको हो । रीतपूर्वक आवेदन दिएका आवेदकहरूमध्ये पनि १७ लाखभन्दा बढीको हात खाली भएको छ ।

कम्पनीले सर्वसाधारणमा जारी हुने कुल कित्ता आईपीओमध्ये पहिलो चरणमा वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि सार्वजनिक निष्कासन तथा बाँडफाँट गरी कम्पनीका कर्मचारी र सामूहिक लगानी कोषमा समेत आईपीओ बाँडफाँट गरिसकेको छ ।

सान्भि इनर्जीलाई आईपीओ निष्कासनको अनुमति

काठमाडौं (अस) । सान्भि इनर्जी लिमिटेडले सर्वसाधारणका लागि आईपीओ निष्कासन गर्ने अनुमति पाएको छ । नेपाल धितोपत्र बोर्ड (सेबोन) ले चैत ११ गते कम्पनीलाई ३७ लाख ९० हजार कित्ता आईपीओ निष्कासनका लागि अनुमति प्रदान गरेको हो । कम्पनीले प्रतिकित्ता १०० रुपैयाँ अंकित मूल्यमा ३७ करोड ९० लाख रुपैयाँ बराबरको आईपीओ निष्कासनका लागि बोर्डको अनुमति पाएको हो ।

हाल संस्थापक तर्फ ५० करोड १० लाख रुपैयाँ शेयर चुक्ता गरेको कम्पनीले सर्वसाधारणमा ४३ दशमलव शून्य ७ प्रतिशत शेयर जारी गर्न अनुमति पाएको हो । सर्वसाधारणमा आईपीओ निष्कासन तथा बाँडफाँटपछि कम्पनीको चुक्तापूँजी ८८ करोड रुपैयाँ कायम हुनेछ ।

कम्पनीले आयोजना प्रभावित स्थानीयमा पनि आईपीओ जारी गर्नेछ । कम्पनीको आईपीओ निष्कासन तथा विक्री प्रबन्धकमा नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड रहेको छ। बोर्डले एक महीनापछि थप कम्पनीलाई आईपीओ निष्कासनका लागि अनुमति दिएको हो । यस अघि फागुन २ गते बोर्डले पियोर इनर्जीलाई आईपीओ निष्कासन गर्न अनुमति दिएको थियो ।

सिद्धार्थ इक्विटी फण्डको नाफा बढ्यो

काठमाडौं (अस) । सिद्धार्थ म्युचुअल फण्ड अन्तर्गत सञ्चालित सिद्धार्थ इक्विटी फण्डले फागुन मसान्तको खुद सम्पत्ति मूल्य विवरण सार्वजनिक गरेको छ । उक्त वित्तीय विवरणअनुसार फण्डले फागुन मसान्तसम्ममा रू. २५ करोड १३ लाख नाफा कमाएको छ । यो नाफा माघ मसान्तको तुलनामा १६ प्रतिशत वृद्धि भएको हो । माघ मसान्तमा फण्डले रू. २१ करोड ६४ लाख नाफा कमाएको थियो ।

फागुन महीनामा फण्डको आम्दानीमा वृद्धि भएकाले नाफा बढ्न टेवा पुगेको हो । फण्डको आम्दानी माघ मसान्तमा रू. २३ करोड ५१ लाख रहेकोमा फागुन मसान्तमा बढेर रू. २७ करोड २५ लाख पुगेको छ ।

नाफासँगै फण्डको प्रतिइकाई खुद सम्पत्ति मूल्य (न्याभ) पनि माघको तुलनामा फागुनमा वृद्धि भएको छ। माघ मसान्तमा फण्डको न्याभ ११ रुपैयाँ ७३ पैसा रहेकोमा फागुन मसान्तमा बढेर ११ रुपैयाँ ९६ पैसा पुगेको छ ।

फागुन मसान्तसम्ममा फण्डले सूचीकृत शेयरमा रू. १ अर्ब ४६ करोडभन्दा बढी लगानी गरेको छ । यो लगानी माघ मसान्तसम्ममा रू. १ अर्ब ३६ करोडभन्दा बढी थियो ।

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

प्रकाशित मिति : २०८१/१२/१३ गते

यस माछापुच्छ्रे बैंक लि. चन्द्रगढी शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८०/१२/०१ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ०८ (आठौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ ।

तपसिल

ऋणीको नाम, ठेगाना

१. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापामा दर्ता कायम भएको **कोहिनुर कोल्ड सेन्टर ।**
प्रा.फ.र.नं. ६२४/१२६९३/९/२७, दर्ता मिति : २०७६/०९/२७, पान नं. ६०९४१०६३७, दर्ता मिति : २०७५/१२/१०
ठेगाना : झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ७, **प्रोप्राइटर : मनिषा बास्तोला मैनाली**

२. प्रविण मैनाली
ना.प्र नं. ०४१०१४/३६१, जि.प्र.का. झापा, जारी मिति : २०६४/०८/१२
बाबु : दधिराम मैनाली, बाजे : ऋषी राम मैनाली
ठेगाना : झापा जिल्ला, गरामनी गा.वि.स. वडा नं. ३, हाल : झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ८

व्यक्तिगत जमानतकर्ताहरु

१. प्रविण मैनाली	२. मनिषा बास्तोला मैनाली
ना.प्र नं. ०४१०१४/३६१, जि.प्र.का. झापा	ना.प्र नं. ०४-०१-७४-१४६९६, जि.प्र.का. झापा
जारी मिति : २०६४/०८/१२	जारी मिति : २०७४/११/२७
बाबु : दधिराम मैनाली, बाजे : ऋषी राम मैनाली	बाबु : धर्म नन्द बास्तोला
ठेगाना : झापा जिल्ला, गरामनी गा.वि.स. वडा नं. ३	पति : प्रविन मैनाली, ससुराः दधिराम मैनाली
हाल : झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ८	ठेगाना : झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ८

धितोमा रहेको सम्पतिको विवरण

१. ऋषी राम मैनालीको नाति, दधिराम मैनालीको छोरा, झापा जिल्ला, गरामनी गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ८ बस्ने प्रविन मैनालीको नाममा मालपोत कार्यालय झापा भद्रपुरमा दर्ता कायम रहेको झापा जिल्ला, गरामनी वडा नं. ३ स्थित कि.नं. ३५२ को क्षेत्रफल २५७८.९६ व.मि. को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापातहरु समेत ।

(उल्लेखित सम्पत्ति कोहिनुर कोल्ड सेन्टर र प्रविण मैनालीको ऋणी कर्जाका लागि धितो बन्धक पारीत भएको) ।

